# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ३ अङ्क २९ पूर्णाङ्क १२७ | २०७५ पुस ३० गते सोमबार | Monday, Jan. 14, 2019 | पृष्ठ ८ | मूल्य रु. १०/-

## सुरेश तामाङलाई सशरीर सर्वोच्चमा उपस्थित गराइयो



काठमाडौं । नेपाल वायुसेवा निगमका महाप्रबन्धक सुगतरत्न कंसाकारलाई कलोमासो दलेको अभियोगमा गिरफ्तार गरिएका सुरेश तामाङलाई सर्वोच्चमा सशरीर उपस्थित गराइएको छ । हालसम्म एकाघरका परिवरलाईसमेत् जानकारी नगराइएका र भेटघाटसमेत गर्न नदिइएका क्रान्तिकारी युवा लिगका सचिवालय सदस्य सुरेश तामाङलाई आइतवार सशरीर सर्वोच्च अदालतमा ...बाँकी ४ पेजमा

# भ्रष्टाचारीविरुद्ध अभियान जारी : दिनेश शर्मा 'सागर'




● वर्गदृष्टि संवाददाता

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ३ नम्बर प्रदेशका सेक्रेटरी क. दिनेश शर्मा 'सागर'ले भ्रष्टाचारीविरुद्धको कारबाही अभियान सुरु गरिएको र यो निरन्तर अघि बढिरहने बताएका छन् । अनुसन्धानका लागि भनेर आफ्नै घर थानकोट पानीघाटस्थित घरबाटै गिरफ्तार गरी महानगरीय प्रहरी परिसर टेकुमा थुनामा राखिएका सुरेश तामाङको शिघ्र रिहाइका लागि नेकपा (क्रान्किारी माओवादी) ३ नम्बर प्रदेशद्वारा आयोजित विरोध र्यालीलाई सम्बोधन गर्ने क्रममा शर्माले उक्त कुरा बताएका हुन् । वाइड बडी विमान खरिद प्रकरणमा अर्बौंको घोटाला प्रकरणलाई लिएर नेकपा (क्रान्तिकारी माओवादी)सँग सम्बद्ध क्रान्तिकारी युवा लिगले नेपाल वायु सेवा निगमका महाप्रवन्धक तथा भ्रष्टाचार प्रकरणका मुख्य योजनाकार सुगतरत्न कंसाकारलाई उनकै कार्यकक्षमा कालोमोसो दलेपछि प्रहरीले क्रान्तिकारी युवा लिगका सचिवाय सदस्य तामाङलाई उनकै घरबाट गिरफ्तार गरेको थियो ।

विरोध र्‍यालीलाई संबोधन गर्दै मुख्य वक्ता दिनेश शर्माले वर्तमान सरकार भ्रष्ट, दलाल, तस्कर, माफिया तथा बिचौलियाहरूको संरक्षक तथा अन्नदाता भएको भन्दै यसका विरुद्धमा सुशासन, समानता र जनपक्षीय शासन व्यवस्था स्थापनाका लागि फेरि एक ऐतिहासिक संघर्षमा उत्रनुपर्ने बाध्यात्मक अवस्थाको सिर्जना ...बाँकी ७ पेजमा

## 'सुपर फ्लप' ओली सरकार



दुईतिहाई बहुमत प्राप्त ओली सरकारले 'सुपर फ्लप' खाएको छ । यो नेपालको इतिहासमा एक आश्चर्यलाग्दो रजनीतिक घटनाका रूपमा चित्रित हुने भएको छ । नेपालमा २०१५ सालमा वीपी कोइरालाको नेतृत्वमा बनेको नेपाली कांग्रेसको दुईतिहाइको सरकारपछि नेपालको इतिहासमा ओलीको नेतृत्वमा बनेको, त्यो पनि कम्युनिष्टको नाममा, दुईतिहाइको सरकारले वीपीकै दुईतिहाईको संकेत देखाउन थालेको छ । राजनीतिक विश्लेषकहरूका अनुसार यो सरकार सुपर फ्लपमा परेको छ ।

पहिलो कुरा, यसकै अन्तर्यमा खोजिनु पर्छ । यो सरकार हेर्दा जनताले चुनेर र चुनिएर आएको जस्तो देखिए पनि यो भारतीय प्रधानमन्त्री मोदीले निर्माण गरिदिएको वाम सरकार हो । चुनावी खर्चदेखि सबै कुरा मोदीले बेहोरिदिएका हुन् । एमाले र माके एकता पनि मोदीले गरिदिएका हुन् । त्यसैले यसको मर्म र मृत्यु कहाँ छ , त्यो मोदीका लागि सहज ज्ञानको विषय हो । सरकार आफ्नो हैसित र सोचले चलेको छैन र होइन पनि । यसले दिल्लीको एजेण्डा बोकेर नेपालीहरूमाथि राज गरिरहेको छ । त्यसैले यो ओली जस्ता पात्रको नेपाली अनुहारमा भारतीय स्वार्थ अनुसार निर्माण गरिएको दलाल सरकार हो । ओली सिक्किमी लेण्डुप दोर्जेको भूमिकामा छन् ।

दोस्रो कुरा, समाजवाद निर्माण, समृद्धि र विकास भनी यसले दिएको नारा र यसका व्यवहारमा आकाश पातालको अन्तरविरोध देखियो । यसले गरेका कुरा चटकीका चटकमा परिणत हुँदै गए । यसले स्वाभिमानका ...बाँकी ७ पेजमा

## अनेकिसंघ (क्रान्तिकारी) ५ नं. प्रदेशको भेला भव्य रूपमा सम्पन्न

काठमाडौं । अखिल नेपाल किसान संघ (क्रान्तिकारी) ५ नम्बर प्रदेश स्तरीय भेला शुक्रवार बुटवलमा भव्यरूपमा सम्पन्न भएको छ । पार्टी तथा पार्टीसँग सम्बद्ध सबै जनवर्गीय संगठनहरूको भेला तथा सम्मेलनहरू गरी घोषित संघर्षलाई अघि बढाउने क्रममा यो भेला सम्पन्न भएको हो । नेकपा (क्रान्तिकारी माओवादी) ले फागुन तथा चैत्र महिनाका फागुन १ र चैत्र २४ लाई लक्षित देशव्यापी मेची महाकाली अभियान तय गरेको छ । यो अभियानलाई प्रभावकारी बनाउन माघ महिनाभर सिंगो सांगठनिक तयारी अघि बढिरहेको बताइएको छ ।

यसै सिलसिलामा बुटवलमा सम्पन्न ५ नम्बर प्रदेश किसान भेलाले २१ सदस्यीय प्रदेश सम्मेलन आयोजक समिति गठन गरेको छ । यसका संयोजकमा बर्दियाका खड्गबहादुर मल्ललाई चयन गरिएको छ । सदस्यहरूमा छबी खरेल (परासी), लक्ष्मीकान्त पौडेल (रूपन्देही), विनोद मरासिनी (रूपन्देही), नन्दराम रोकाया (दाङ), कमल उप्रेती (कपिलवस्तु), ऋषिराम चौधरी (बाँके), रामजी चौधरी (दाङ), प्रेम थापा (बाँके), केजीकुमार पौडेल (रूपन्देही), लालबहादुर पुन (रोल्पा), कल्लु थारु, (बर्दिया), खोमबहादुर ...बाँकी ७ पेजमा

## संसदीय सार्वजनिक लेखा समितिमा चलखेल

### वाइडबडी प्रकरणमा उपसमितिको प्रतिवेदन पुनर्लेखन गरी पारित




काठमाडौं । संसदको सार्वजनिक लेखा समितिको वाइड बडी खरिदसम्बन्धी उपसिमितिले तयार पारी सकारलाई बुझाएको प्रतिवेदन ओलीदाहालको चर्को दबाबका कारण व्यापक हेराफेरिसहित परिमार्जन गरेको छ । सोमबार सिंहदरबारमा बसेको समितिको ...बाँकी ७ पेजमा

## नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशका जिल्लाहरूमा भेला/वैठक सम्पन्न

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ३ नम्बर प्रदेशले प्रदेशभित्र रहेका जिल्लाहरूमा भेला तथा वैठकहरू सम्पन्न गरिएको बताएको छ । प्राप्त खबरअनुसार पौष ५ गते काभ्रे जिल्लाको जिल्ला समितिको वैठक सचिव क. वसन्तको अध्यक्षतामा सम्पन्न भएको छ । वैठकमा प्रमुख अतिथि क. प्रभाकिरण र विशेष अतिथि क. विकासको उपस्थिति रहेको थियो ।

माघ ७ गते काठमाडौं जिल्लाको बैठक सम्पन्न गरिएको छ । क. सरुको अध्यक्षतामा सम्पन्न उक्त वैठकमा प्रमुख अतिथि क. गौरव, विशेष अतिथि क. प्रवेशको उपस्थिति रहेको बताइएको छ । त्यसै गरी चितवन जिल्लाको वैठक सचिव क. हेमन्तको अध्यक्षता र प्रदेश सचिव क. सागरको प्रमुख आतिथ्यता र जिल्ला इञ्चार्ज क. अञ्जनाको उपस्थितिमा सम्पन्न भएको छ । त्यसैगरी मकवानपुर, ललितपुर, सिन्धुपाल्चोक, नुवाकोट, रसुवा, सिन्धुली, रामेछाप लगायतका जिल्लाहरूमा जिल्ला समितिको वैठक सम्पन्न भएको खबर छ ।

## देशभक्त जगणतान्त्रिक मोर्चा नेपालको ३ नं. प्रदेशका जिल्लाहरूमा भेला/वैठक सम्पन्न

काठमाडौं । देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल ३ नम्बर प्रदेशले धैरैजसो जिल्लाहरूमा देजमोका भेला तथा वैठकहरू सम्पन्न गरेको छ । जसमा काभ्रे, ललितपुर, काठमाडौं, रामेछाप आदि रहेका छन् । दोलखा, ललितपुर र सिन्धुपाल्चोकको यसपछि गरिने ठेगान भएको बताइएको छ ।

## अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघ ५ नम्बर प्रदेश कमिटी गठन



काठमाडौं । अखिल नेपाल क्रान्तिकारी ट्रेडयुनियन महासंघको ५ नम्बर प्रदेशको बुटवलमा सम्पन्न एक प्रदेशस्तरीय भेलाले वृहद् भेला आयोजक समिति निर्माण गरेको छ । हाललाई उक्त तयारीका लागि १३ सदस्यीय समिति पनि निर्माण गरिएको बताइएको छ ।

तयारी समितिको संयोजकमा राजु भुजेल र सहसंयोजकमा नरेन्द्र बञ्जाडेलाई चयन गरिएको छ । समितिका सदस्यहरूमा दर्शन गुरुङ (रूपन्देही), चन्द्रप्रसाद पोखरेल (प्युठान), विराट शाही (बाँके), ज्ञानबहादुर केसी (नवलपरासी), मिलन विक (कपिलवस्तु) र ...बाँकी ७ पेजमा

# पार्टी एकताबारे

**नीतिका आधारमा यो बीचमा विभिन्न पार्टी तथा व्यक्तित्वहरूसंग धेरै एकता केन्द्रित वार्ता तथा छलफलहरू भएका छन् । त्यसमा हाम्रो पार्टीले कमरेड विप्लवले नेतृत्व गरेको नेकपासँग पनि पार्टी एकताको विषयलाई लिएर शीर्ष नेतृत्व तहमा धेरै पटक संक्षिप्त वार्ता तथा छलफल गरेको छ ।**



● इन्द्रमोहन सिग्देल बसन्त ●

गत २०७४ असोजमा सम्पन्न हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को राष्ट्रिय सम्मेलनले पार्टी एकताको प्रश्नलाई व्यवस्थित रूपमा अगाडि सारेको थियो । त्यो सम्मेलनमा पार्टी एकताको विषयलाई केन्द्रमा राखी विभिन्न कम्युनिस्ट पार्टीसँग वार्ता गर्न र छलफल चलाउनका लागि केही न्युनतम आधार निर्धारण गरिएका थिए । ती थिए : एक, मार्क्सवाद-लेनिनवाद-माओवादलाई पथप्रदर्शक सिद्धान्त मान्ने, दुई, नयाँ जनवादी क्रान्तिलाई न्युनतम राजनीतिक कार्यक्रम मान्ने, तीन, संसदीय व्यवस्था तथा संसदवादको विरोध गर्ने र प्रतिक्रियावादी सत्ता अन्तर्गतको सरकारमा समावेश नहुने, चार, क्रान्तिमा बल प्रयोगको सिद्धान्तलाई अनिवार्य ठान्ने, पाँच, जनवादी केन्द्रीयताको संगठनात्मक सिद्धान्त अवलम्बन गर्ने, माओको नेतृत्वमा सञ्चालित चिनियाँ महान् सर्वआरा सांस्कृतिक क्रान्तिलाई मान्ने आदि । माओवादको सट्टा माओ विचारधारा मान्ने, तर त्यसलाई सार्वभौम अर्थमा ग्रहण गर्ने पार्टीहरूसँग पनि यो छलफल अगाडि बढाउन सकिने लचकता प्रस्तुत गरिएको थियो ।

उपरोक्त नीतिका आधारमा यो बीचमा विभिन्न पार्टी तथा व्यक्तित्वहरूसंग धेरै एकता केन्द्रित वार्ता तथा छलफलहरू भएका छन् । त्यसमा हाम्रो पार्टीले कमरेड विप्लवले नेतृत्व गरेको नेकपासँग पनि पार्टी एकताको विषयलाई लिएर शीर्ष नेतृत्व तहमा धेरै पटक संक्षिप्त वार्ता तथा छलफल गरेको छ । त्यो एकता वार्ता कहाँ पुगेको छ र एकताका संभावना कति छन् र समस्याहरू कहाँ छन् भन्ने विषयको सेरोफेरोमा केन्द्रित रहेर पार्टीको प्रारम्भिक धारणाअनुसार तयार परिएको यो संक्षिप्त लेख सार्वजनिक गरिएको छ ।

पहिलो कुरा, पार्टी भनेको भौतिक सङ्गठन मात्र होइन, यो विचार, राजनीति, कार्यक्रम, रणनीति, कार्यनीति, योजना र सङ्गठनको समग्रता हो । कम्युनिस्ट पार्टी भनेको मालेमावादी सिद्धान्तद्वारा निर्देशित सर्वहारा वर्गको संगठित अग्रदस्ता हो, जसले सम्बन्धित देशको विशिष्टताअनुसार वैचारिक तथा राजनीतिक कार्यदिशालाई क्रान्तिकारी व्यवहारमा लागु गर्दछ । विचार तथा राजनीति र पार्टी संगठनका बीचमा द्वन्द्वात्मक सम्बन्ध ...बाँकी ८ पेजमा

## सम्पादकीय

# भयावह संस्थागत भ्रष्टाचार

नेपाल अहिले राज्य र सरकारबाट गरिने संस्थागत भ्रष्टाचार निकै आक्रान्त छ । देशको कुल बजेटको ठूलो हिस्सा यसैमा खर्च हुने गरेको छ । यो रकम कागजमा देखिदा खर्चमा दरिएको देखिने तर वास्तविक खर्च नभई भोगबिलास र खानपान र सेवा सुविधा तथा आफन्तहरूका लगि बााडफाँड गरिएको देखिन आउँछ । प्रधानमन्त्री देखि मनत्रीहरूलेसम्म यो वा त्यो नाममा देशको ढुकुटीको यसरी दुरूपयोग गर्ने गरिहेका छन् । हालको समयमा त केन्द्रीय वा संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरू यसैको सिको गेरर बजेटका दुरूपयोग गरिरहेका छन् । देशका राष्ट्रपतिले अब १८ करोडको गाडी नभए सवारी नचलाउने, प्रधानमन्त्रीले दैनिक हात फुकाएर अफन्तहरूलाई अर्बौको रकम बाँड्ने यो प्रक्रिया अहिले आएर ठूला मानिसहरूले दिने र आफन्तहरूले हात थापेर पाउने वा खाने प्रचनका रूपमा मौलाएर गएको छ ।

यसको सिको र प्रभावले गर्दा प्रदेश तथा स्थानीय सरकारहरूले पनि राज्यको ढुकुटी कसरी जनताको सेवा र सुधिाका लागि खर्च गर्ने भन्ने मानसिकता नबनेको देखिन्छ । उनीहरू पनि विलासी कारहरू खरिद, आलिशान महलहरू निर्माण र आफन्तहरूलाई आर्थिक सहयोगको अभियानमा जुटेका छन् । कतिपय नगरपालिकाका मेयरहरू करोडौंका गाडीहरू चढेर हिंडिरहेका छन् भने स्थानीय जनता फोहर, धुँवा, धूलो, अभाव र असुविधामा जीवा बिताइरहेका छन् । यसका बारेमा प्रश्नहरू पनि उठ्ने गरेका छन् । तर ठूला मानिसका अगाडि ती प्रश्नहरू या त पूर्वाग्रहका नाममा दरिएका छन् या त खान नपाएर विरोध गरिएको रूपमा व्याख्या गरिएका छन् ।

अहिले सरकारले यस अतिरिक्त भौतिक पूर्वाधार निर्माणका लागि ठूला ठूला बजेट खर्च गर्ने र गरिने अवस्थाको सिर्जना गरेको छ । भर्खरै तीन तहका संरचनाहरू निर्माण भएका र तिनका व्यवस्थापनका लागि भौतिक पूर्वाधार निर्माणलाई पहिलो प्राथमिकतामा राखिएको छ । यो निर्माण कार्यमा पहिलो त आफन्तहरू वा ठेकेदारहरूसँगको मिलेमतोमा काम ठेक्कापट्टामा सुरु गर्ने, दोस्रो भनेको कमसल निर्माण सामग्रीहरूको प्रयोग गर्ने, तेस्रो भनेको त्यसमा खर्च गरिने लागत मूल्य वा बजेट नै आकारमा सानो ठूलो बनाउने चलन व्यापक बन्दै गएको छ । यसका लागि आपसी मिलेमतो र कागज ठीक्क दुरुस्त बनाउने कामहरू चलिरहेको छ । लेखा परीक्षण गर्दा पनि यो लेखापरीक्षणको दायराभित्र आउने गरी मिलाइएको हुन्छ । पत्रपत्रिकाहरूमा छ्याप्छ्याप्ति आएका छन् कि प्रम ओलीले अर्बौं रूपैयाँ आफन्तहरूलाई बाँडे । तर तयसको फेहरिस्त खोज्दै गयौं भने उनले त्यो रकमको खर्च शीर्षक छुट्टयाएका छन् । कतिपय राहतमा, कपिय दैवी प्रकोप, कतिपय स्वास्थ्य सुरक्षा, कतिपय भैपरिआउने र कतिपय क्षतिपूर्ति आदिआदिका नाउँमा उनदे खर्च गरेका छन् । वाइड बडी विमान खरिद जस्ता प्रकरणमा त उनीहरूले दुरुस्त बनाइएको कागज देखाएर करोडौं डलर एकै पटक हसुर्ने गरेका छन् । मेलम्ची जस्ता राष्ट्रिय गौरवका आयोजनामा केही करोडको यताउति भनेको उनीहरूका लागि एककप चियापान जस्तो हुन आउँछ । मेलम्चीको ठेकेदारले निहुँ त्यसै खोजेको होइन । सरकारे पनि करोडौं बजेट त्यो परियोजनाबाट लिएर खाइसकेको छ ।

पछिल्लो चरणमा आएर मन्त्री परिषदबाट उब्जाउ जमिन खण्डीकरणमा ध्यान दिने तर ऐलानी तथा बाँझा जमिन खण्डीकरण गरी प्रयोगमा ल्याउने भन्ने निर्णय पारित गरिएको छ । यो भनेको सरकार अब ऐलानी जमीन कब्जा, वितरण र मोटो रकम असुल्ने ध्याउन्नमा लागेको छ । यसले बाराको निजगढ विमानस्थल निर्माणका लागि जंगल फँडानीको बाटो खोलेको छ , प्रदेशहरूको राजधानी निर्माणका लागि भनेर जंगलहरू मासेर सहरीकरणका लागि बाटो खुला गरेको छ । माफियाहरू सल्बलाइरहेका छन् । देशमा संस्थागत भ्रष्टाचार र माफियागिरी मौलाउँलदै गएको छ ।

## लेखकहरूमा अनुरोध

**१. यस वर्गदृष्टि साप्ताहिक तथा मूलबाटो डटकमका लागि लेख/रचना पठाउँदा एक हजार शब्दमा नबढाइकन आफ्नो लेख/रचना पठाइदिनु हुन,**


**२. कम्प्युटर टाइप गरी पठाउँदा शुक्रबारसम्म र हस्तलिखित पठाउँदा बुधबारसम्म पत्रिकाको कार्यालयमा वा इमेलमा पठाइदिनु हुन,**

**३. सकेसम्म छोटा र सरल वाक्य प्रयोग गरिदिनु हुन हार्दिक अनुरोध छ।**

**सम्पादन विभाग, वर्गदृष्टि मिडिया**

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निषक्ष खबर तथा विचारका लागि सधैं हेर्नें र पढ्ने गरौं।
www.moolbato.com

# चारकर्ताका रूपमा कम्युनिष्ट कार्यकर्ता


भरत बुर्जामगर

**लेनिनको यो विकासलाई मार्क्सवादी विचारको दोस्रो मञ्जिल तथा सार्वभौम विकासका रूपमा स्वीकार गरिएको छ । त्यसपछि माओले चीनका सन्दर्भमा त्यहाँका विशिष्टताहरूलाई पहिचान गरी क्रान्ति सम्पन्न गर्दा मार्क्सवाद-लेनिनवादका तीन संघटक अंगहरूका साथै संघर्षको मोडल, फौजी कार्यदिशा तथा अन्तरविरोधको थप अध्ययन गरी मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकास गर्नु भयो**

क्रान्तिकारी कम्युनिष्ट पार्टीका हामी कार्यकर्ताहरू चारकर्ताका रूपमा तयार हुनु आवश्यक छ । क्रान्ति गर्नका लागि क्रान्तिकारी विचार, क्रान्तिकारी संगठन, क्रान्तिकारी संघर्ष र क्रान्तिकारी व्यवस्थापन (आर्थिक उत्पादनसहित) आवश्यक छ । त्यसैले, क्रान्ति गर्नका लागि लाल र निपूर्ण हुनुका साथै राजनीतिक कार्यकर्ता, संगठनकर्ता, संघर्षकर्ता उत्पादनकर्ता हुन आश्यक छ ।

सर्वप्रथम, राजनीतिक कार्यकर्ता हुनका लागि मार्क्सवाद-लेनिनवाद-माओवादबारे जानकारी हुन आवश्यक । मार्क्सवाद-लेनिनवाद-माओवादको जग मार्क्सवाद हो । मार्क्सवादका तीन संघटक अंगहरू क) दर्शन, ख) राजनीतिक अर्थशास्त्र र ग) वैज्ञानिक समाजवाद हुन् । जर्मनीका कार्लमार्क्स, (१८१८-१८८३) र फ्रेडरिख एंगेल्स (१८२०-१८९५) ले जर्मनीका हेगेल (१७७०-१८३१) को द्वन्द्वात्मक आदर्शवादबाट द्वन्द्ववाद र लुडविग फायरबाख (१८०४-१८७२) को भौतिकवादबाट भौतिकवादी विचार लिएर द्वन्द्वात्मक भौतिकवादी दर्शनको प्रतिपादन गर्नुभयो । मार्क्स-एंगेल्सद्वारा इतिहासलाई वस्तुवादी तरीकाले विश्लेषण गरिएको विषयवस्तुलाई ऐतिहासिक भौतिकवाद भनिन्छ । वर्तमान वर्गीय समाजमा दर्शन पनि वर्गीय हुन्छ । आदर्शवादी र द्वन्द्वात्मक भौतिकवादी दर्शनले परस्परविरोधी वर्गहरूको हित र स्वार्थलाई प्रतिनिधित्व गर्दछन् ।

आदर्शवादी दर्शनले चेतना प्रधान र पदार्थ गौण मान्दछ । जगत र जीवन ईश्वरले बनाएको मान्दछ । यसले शोषक वर्गको पक्षपोषण गर्दछ । हालको अवस्थामा यो पुँजीपतिवर्गको पक्षमा रहेको छ । यसले भौतिक विश्वलाई समेत् अवोधगम्य र रहस्यमय मान्ने गरेको छ ।

तर द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादले विश्वजगतलाई पदार्थ प्रधान, बोधगम्य र बुझ्न सकिने बताएको छ । यसले पदार्थ प्रमुख र चेतना सहायक मान्दछ । अर्थात् मानिसमा चेतनाको विकास समाज र वस्तुगत जगतले निर्माण गर्दछ भन्ने कुरालाई स्वीकार गर्दछ । यही विचारले सर्वहारा वर्गको मार्गनिर्देशन गर्दछ ।

द्वन्द्वात्मक भौतिकवादले जीवन र जगतलाई संघर्षबाट निर्मित भएको मान्दछ । द्वन्द्ववादको अर्थ हरेक वस्तुमा दुई परस्पर विरोधी तत्वहरू हुन्छन् । त्यहाँ संघर्ष चलिरहन्छ । त्यही अन्तरविरोधमा त्यस वस्तुभित्र गति पैदा हन्छ । द्वन्द्वात्मक भौतिकवादी मान्यताअनुसार वस्तुभित्र दुई विपरीतहरूको बीचमा संघर्ष हुँदा रूपान्तरण आउँछ । हाम्रो जीवन व्यवहारमा पनि दिनपछि रात वा रातपछि दिन, फुटपछि एकता वा एकतापछि फुट, राम्रोको नराम्रो वा नराम्रोको राम्रो आदि आइनै रहन्छन् । जन्म र मृत्यु पनि यही द्वन्द्वात्मकतामा चलेका हुन्छन् ।

विपरीतहरूको संघर्षबाट हुने रूपान्तरणमा मुख्यतः तीन नियमहरूले काम गरेका हुन्छन् । पहिलो हो, विपरीतहरूको एकता, संघर्ष र रूपान्तरण । दोस्रो हो, गुणको मात्रा र मात्राको गुणमा रूपान्तरण । तेस्रो हो, निषेधको निषेध वा माओको शब्दमा नकारको सकार । यी तीन नियमहरूमा मार्क्स, लेनिन र स्टालिनसम्म आउँदा पछिल्लो वा तेस्रो नियममा नकारको नकारको मानेको देखिन्छ भने माओले यसलाई थप व्याख्या गरेको पाइन्छ । त्यो हो यो नियमको नकारको नकार भन्दा पनि नकारको सरकारको रूपमा व्याख्या ।

समाज विकासको व्याख्या पनि पुँजीवादीहरूले र साम्यवादीहरूले भिन्न रूपमा गररेको पाइन्छ । पुँजीवादीहरूले जंगली युग, बर्बर युग र आधुनिक युगका रूपमा व्याख्या गरेको पाइन्छ । मार्क्सवादी समाजशास्त्रीहरूले आदिम युग, दासयुग, सामन्ती युग, पुँजीवादी युग, समाजवादी युग र साम्यवादी युगको व्याख्या गरेको पाइन्छ । हालसम्म पुँजीवादी युग र यसको साम्राज्यवादी युगमा विकास भएको छ भने समाजवादी युगका लागि लेनिनको नेतृत्वमा समाजवाद ल्याएर पनि टिकाउन नसकेको र साम्यवादी युग आउन बाँकी रहेको छ । हाल समाजवादी युग स्थापनाका लागि समाजवादी क्रान्ति गरेर ल्याउने कार्यभार पनि सर्वहारा वर्गको काँधमाथि बाँकी नै रहेको छ ।

मानव जीवनको क्रियाकलापको अध्ययन मार्क्सवादको राजनीतिक अर्थशास्त्रमा पर्दछ । उत्पादन प्रणाली, उत्पादक शक्ति र उत्पादन सम्बन्ध, उत्पादनका साधनहरू यसको अध्ययनभित्र पर्दछन् । यसमा मार्क्सले अध्ययन गरेको अतिरिक्त मूल्यको सिद्धान्त पर्दछ । दास क्यापिटल अहिलेसम्मको मार्क्सवादी राजनीतिक अर्थशास्त्रको मुख्य स्रोत हो ।

वैज्ञानिक समाजवादले मार्क्सवादले परिल्पना गरेको सत्तासम्बन्धी खोज र अध्ययन गराउँछ । राज्यसत्ताको उपरीसंरचना नै यसको अध्ययन क्षेत्र हो । समाज रूपान्तरणका लागि कला, संस्कृति, विकास, कलकारखाना, भौतिक संरचना, मानवको कलात्मक तथा राजनीतिक गतिविधि आदि यसमा पर्दछन् । यसले सत्तास्वरूप र यसको परिवर्तनलाई समेट्छ ।

मार्क्सवादको विकासको क्रममा दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको तीनवटै क्षेत्रमा विकास गर्दै लेनिनले मार्क्सवादलाई माकर्सवाद-लेनिनवादमा विकास गर्नुभयो । लडाकु कम्युनिस्ट पार्टी, जनवादी केन्द्रीयताको सांगठनिक सिद्धान्त, ठोस परिस्थितिको ठोस विश्लेषण, एकदेशीय समाजवादी क्रान्ति, संघर्षमा आम सशस्त्र विद्रोहको मोडल वा फौजी कार्यदिशा निर्माण उहाँका थप योगदान हुन् । अक्टोबर क्रान्तिको सम्पन्नता र समाजवाद निर्माण विश्व सर्वहारा वर्गको नेतृत्व र प्रेरणा बनेका छन् ।

लेनिनको यो विकासलाई मार्क्सवादी विचारको दोस्रो मञ्जिल तथा सार्वभौम विकासका रूपमा स्वीकार गरिएको छ । त्यसपछि माओले चीनका सन्दर्भमा त्यहाँका विशिष्टताहरूलाई पहिचान गरी क्रान्ति सम्पन्न गर्दा मार्क्सवाद-लेनिनवादका तीन संघटक अंगहरूका साथै संघर्षको मोडल, फौजी कार्यदिशा तथा अन्तरविरोधको थप अध्ययन गरी मार्क्सवाद-लेनिनवाद-माओवादका रूपमा विकास गर्नु भयो । यसमा पुँजीवादी क्रान्ति सम्पन्न नभएका अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थामा रहेका देशहरूमा समाजवादमा जानका लागि त्यसपूर्व नयाँ जनवादी क्रान्ति गरिनुपर्ने कुरा माओले विकास गरेको मुख्य योगदान हो । यो क्रान्ति जनयुद्धको फौजी कार्यदिशामार्फत् अघि बढ्दछ । नवसंशोधनवादी ख्रुश्चेवी धारसँगको विचार संघर्ष र महान बहस, मालेमाको रक्षा, एकको दुईमा विभाजन, निरन्तर क्रान्तिको सिद्धान्त, हरेक कुराको ...बाँकी ५ पेजमा

## झर्रोटर्रो

kailubraha73@gmail.com
कैलुब्राह

# पिर्थिवीनारानको बड्डे दिवस

अस्ती पुस २७ गते 'मुलुक निर्माता' बाइसे चौबीसे राजाका पनि महाराजा भयाका सर्वशक्तिमान पितर 'बडामहाराजधिराज' पिर्थिवीनारानको बड्डे मनाउन्या काम धुमधामका साथ भयो । नेपाल मण्डलका उनका भक्तजनहर्ले उनका साक्षात ज्यानमा र ज्यान नभयाका ठाउँमा उनका फुटामा फूलमाला लाएर, अबिरले फुटा रङ्गाएर, मैनबत्ती बालेर मण्डलैभर उनको बड्डे मनाया । जयगान गऱ्या । यो समाचार खबरका सबै भाँडाबर्तनहर्ले लेख्या, छाप्या, साक्षात दर्शन गराया र आधुनिक बैज्ञानिक वरल्ड सञ्जालका भित्ता रङ्गाया । नेपाल मण्डलका पर्धानमन्तरीको अड्डाखानाको मूलढोका अगाडि तरबार समाएर ठिङ्ग उभियाका पिर्थिवीनारानको अगाडि गएर दशऔंला जोडेर अन्तरमनैदेखि साष्टाङ्ग दण्डवत प्रणाम गर्दै महामहिम मण्डलाधीस अधिपति परमाधिपति मण्डलाधिपति गनतन्त्राधिपति सम्मानीय नयाँ'बडामहारानी' श्री ६०१ (श्री ५ को बङ्स नास भई पद्वी समेत अन्त्य भयाको र ६०१ श्रीहर्को सभाले बनायाको सम्विधानले निर्माण गऱ्याको एक्काइसौं शताब्दीका बहुबङ्सीय राजतन्त्र भयाको हुनाले उनलाई श्री ६०१ भनिएको हो ।) का करकमलबाट आफ्ना अङ्गरक्षकहर्को दलबल सहित यस मण्डलका केही थान मन्तरीहर्लाई फट्के किनाराका साक्षी राखेर पितर 'बडामहाराजधिराज'को बड्डे मनाउन्या काम सम्पन्न भयाको छ ।

मण्डलका गनतन्त्राधिपतिबाट बड्डे मनाया पनि गनतन्त्रे सर्खारले एकतादिवस भनी विदा मनाउन्या काम नगऱ्याको हुनाले पितर 'बडामहाराजधिराज'का भक्तजन, अनुयायी र रैतीजन निकै नाराज भयाको समाचार पनि जतातत्तैका आधुनिक कट्वालेहर्ले बतायाका छन् । सर्खारका परमाधिपति समेत रह्याकी श्री ६०१ बाटै बड्डे मनाउन्या काम सुसम्पन्न भयाको यस हिरक अवसरमा उनका अधिनस्त रह्याको सर्खार समेतले सार्वजनिक विदा नदिनु घोर अन्याय र अपमान पनि हो । यो त परामाधिपति अधिपति गनतन्त्राधिपतिको समेत अपमान हो भन्ने ठहर यो कैलुले पनि गऱ्याको छ । यस्तो घोर अपमान गर्न्या सर्खार त घोर नरककुण्डमा परी चौरासी त के, हजार जुनी भुगत्दा पनि मुक्त भई स्वर्गे जान सक्न्या छैन । यसको प्रायःस्चित्त गोदान गरी उनका भक्तजनहर्लाई भोज भतेर खुवाई वाइडबडीबाट आर्ज्याको सम्पत्तीबाट केही अङ्श दानदातव्य गऱ्यामा भने एक पटकलाई माफी मिलि स्वर्गे जान्या बाटो खुल्ने उपाया यो कैलुले सुझायाको छ । आगे सर्खारको मर्जी ।

'बडामहाराजधिराज'को बड्डे मनाया पनि विदा नदियाको हुनाले उनका भक्तजन जेजति नाराज भया त्यो भन्दा पनि बढ्ता नाराज भई औंला ठड्याई राखेका 'बडामहाराजधिराज'ले वक्तव्य जारी गरी यो कैलुलाई आफ्ना खबर झर्रोटर्रोमा छाप्नु भनी सुटुक्क दियाको हुनाले 'बडामहाराजधिराज'को सो वक्तव्य यहाँ जस्ताको तस्तै छाप्ने धृष्टता गरियाको छ ।

*'मेरा हिर्दयको घाऊ बन्याको सर्खार,*
*चौतरिया मिस्टर उखानप्रसाद,*

हरेक बर्खको पौख २७ गते मेरो बड्डे पर्छ भन्ने कुरा यो भुवनैका मनुखेलाई समेत जानकारी छ भन्या तिमीलाई नहोला भनेर मैले अनुमान गर्न सक्दिन । तिमीलाई सातसमुन्द्र पारी म भन्दा सय बर्ख पछि जन्मियाका केजाति कारल मार्कसको साहित्या पढाउन्या तिम्रा गुरु अर्घाली पुरेतले समेत विगत केही बर्खदेखि मेरो फुटालाई झोलामा बोकेर महादेवले सतीदेवीको लास बोकेर चौध भुवनमा भौंतारिए जस्तै भौंतारिएर हिँड्दा पनि तिम्रो चेत नखुल्नु बडा दुःखको कुरो भयाको छ । तिमीले मेरो बड्डेमा रैतीजनलाई विदा दिएर मेरो किर्तन गाउन किन लगाएनौ र तिमी आफै तिम्रै अड्डाखाना अगाडि उभिएर तिम्रो सत्ताको रखबारी गरिरह्याको मेरा मुर्तीमा फूलमाला टक्र्याई मेरो स्वस्ती गर्न किन आएनौ ? यो घोर अन्याय भयो ।

मैले गोर्खा राज्यको विस्तार गरी यहाँका बाइसे चौवीसे राज्या रजौटाहर्को नास गरी यत्रो मण्डल निर्मान नगरिदियाको भए आज तिमी उच्चजातका तागाधारीहर्ले शासन गर्न्या कसरी अवसर पाउन्या थियौ ? मैले मेरा पितर पुर्खाले कब्जा गऱ्याको भीर पखेरा मात्रै भयाको यति सानो मेरा बाहुलीको हत्केला जत्रो भूमि गोर्खा राज्यमा मात्रै खुम्चिएर शासन गऱ्याको भए यो आधुनिक नेपाल नाउँको मण्डल हुन्या थिएन भन्ने कुरालाई तिमी, तिम्रा गोत्रादि र रैतीहर्ले स्वीकारी रह्याका छौ । मैले उतीबेला मेरो पुर्खाले आर्ज्याको गोर्खा राज्यको विस्तार गर्दा बाइसे चौबिसे राज्यका मातवालीहर्को नाक कान काटेर, टाउका गिँडेर भकुण्डो खेलाएर सबै मातवालीहर्को भासा खारेज गरी, तिनका भेसभुसा च्यात्न लगाई, तिनका रितिरिवाजा र संस्कार संस्कृति मिटाउन्या लगाई नेपाल मण्डलैभरी एउटै भासा एउटै जातीको राज्या सन्चालन गर्न्या थिति नबसाल्याको भया आज तिमीहर्को हालीमुहाली हुन्या अवस्था कसरी आउँदो हो ? किन्चित पनि खयाल गऱ्याका छैनौ ? मैले मातवालीहर्लाई राज्या सन्चालनका हक हकादिबाट बेदखली गरी तिनका पुस्ता दरपुस्ताले राज्यसत्तामा आँखो लाउनै नपाउन्या र नसक्न्या गरी तिनको सत्यानास गऱ्या पनि कालान्तरमा मेरा पुस्ताका खनाति झनातिहर्ले पन्चप्रेतकालमा मातवालीका टाठाबाठा कहलिएका दुइचार थान जनजातिका ठेट्नाहर्लाई चौधै अन्चलबाट जम्मा पारेर शासन सत्ताको फट्के किनाराका साँछी बसालेर तागाधारी सत्ता टिकाउने विधि नबसाल्याको भए आज तिमरुले त्यो विधि पछ्याउने अवसर कसरी पाउन्या थियौ ?

आज तिमरुले मेरा मात्रै एकल बङ्सको राजतन्त्रात्मक शासन हत्याई गनतन्त्र नाउँको शासन चलाया पनि आखिरमा त्यो पनि गोर्खाली खसबङ्सकै एकल जातीय बहुबङ्सको राजतन्त्रै त चलायाका छौ । धर्मकर्म, भासा सासा, संस्कार संस्कृति, भेसभुसा, चालाचलन, राज्य सन्चालनको विधिविधान, नियाँनिसाफ, नोकरचाकर, शिक्षादीक्षा, कर्मकाण्ड सबै मेरै त फलो गरिरह्याका छौ । मेरो बङ्सको राजतन्त्र र तिम्रा बहुबङ्सको गनतन्त्र काटिकुटी उस्तै, जुम्ल्याहा सन्तान जस्तै त छ । केको फुर्ती लाउँछौ ए नाथे उखानपर्साद ।'

*२९ पुस २०७५*

# कम्युनिज्मको अर्थ



• कृष्णदास श्रेष्ठ •

कम्युनिज्म भनेशब्द कम्युनिस (ऋयकगलष्क) भन्ने ल्याटिन शब्दबाट आएको हो । यसको अर्थ 'साझा' हो । यस अर्थको आधारमा हामी कम्युनिज्म (साम्यवादलाई यसरी परिभाषित गर्न सक्छौं- 'कम्युनिज्म भनेको त्यो स्थिति हो, त्यस्तो व्यवस्था हो, जसमा जमिन, खानी, कारखाना आदि उत्पादनका सबै साधनहरू संम्पूर्ण जनताको साझा सम्पत्ति रहन्छन् । लेनिनको शब्दमा कम्युनिष्ट समाज भनेको त्यस्तो समाज हो, जसमा जमिन, कारखाना आदि सबै कुराहरूमा साझा मालिकत्व रहन्छ र मानिसहरू साझा रूपम काम गर्छन् ।

मानव समाजको आदिम रूप साम्यवादी थियो । जहाँ कुनै वर्गहरू थिएनन् । निजी सम्पत्ति थिएन, मानिसद्वारा मानिसको शोषण भन्ने थिएन । कुनै राज्य थिएन । सबैजना मिलेर साझा रूपमा काम गर्दथे । समयको क्रममा सो आदिम साम्यवादी व्यवस्थाको अन्त्य भयो । अनि क्रमिक रूपले दास व्यवस्था, सामन्ती व्यवस्था र पुँजीवादी व्यवस्था देखा परे । पछिल्ला यी सबै व्यवस्थाहरूमा उत्पादनका साधनहरूमाथि निजी स्वामित्व रहन गयो ।

श्रमिक जनताको शोषण तथा उत्पीडनका आधारमा उभिएका यी व्यवस्थाहरूको अबधिमा पनि कम्युनिष्ट विचारको अस्तित्व र त्यसलाई समर्थन गर्नेहरू रहेका थिए । तर मार्क्स पूर्वको अवधिमा अस्तित्वमा रहेको कम्युनिष्ट विचार वैज्ञानिक थिएन, बरु भावुक वा काल्पनिक रहेको थियो । तर त्यसमा महत्वपूर्ण विकास र प्रगति भने भएको थियो । तसर्थ, ऐतिहासिक दृष्टिबाट भन्ने हो भने वैचारिक रूपले कम्युनिज्मको विकास काल्पनिक हुँदै आधुनिक वैज्ञानिक कम्युनिज्ममा भएको छ र सो विकासको सिलसिलामा त्यसले निकै परिमार्जित, आधुनिकृत र बहुआयामिक चरित्र धारण गरेको छ ।

आधुनिक कम्युनिज्म भनेको मार्क्स-ऐंगेल्सद्वारा प्रतिपादित कम्युनिष्ट विचारधारा हो । अर्थात् मार्क्स र ऐंगेल्सका दार्शनिक, आर्थिक तथा राजनीतिक सिद्धान्तहरूबाट निर्देशित कम्युनिज्म हो । उक्त सिद्धान्तहरूमा आधारित भएपछि कम्युनिज्मले वैज्ञानिक चरित्र हासिल गर्‍यो र त्यसैले यसलाई वैज्ञानिक कम्युनिज्म (वैज्ञानिक समाजवाद) भनिएको हो । यसका मुख्यतः तीन रूपहरू छन् : कम्युनिज्म मुख्यतः सामाजिक व्यवस्था हो, कम्युनिज्म एउटा सिद्धान्त हो, र कम्युनिज्म एउटा आन्दोलन हो । त्यो भनेको विसाल जनताको आन्दोलन हो ।

व्यवस्थाको रूपमा कम्युनिज्म भनेको एउटा सामाजिक-आर्थिक व्यवस्था हो । जसमा जमिन, खानी, कारखाना, आदि उत्पादनका साधनहरू सामूहिक मालिकत्व अन्तर्गत पर्दछन् । कुनै वर्ग वा समुदायको अस्तित्व नरहने कारणले गर्दा त्यहाँ राज्यको अस्तित्वको आधार नै रहँदैन । कुनै राज्य भन्ने कुरा रहँदैन । त्यहाँ वर्गविहीन र राज्यविहीन तथा शोषणरहित समाज मात्र रहन्छ । मानिसहरू साझा रूपमा काम गर्दछन् । उक्त समाजमा वितरण यसै सिद्धान्त अनुसार हुन्छ । हरेकबाट उसको सामर्थ्यअनुसार, हरेकलाई उसको आवश्यकता अनुसार । यसको अर्थ हो, सो समाज समृद्ध र सुसम्पन्न रहने छ ।

यसरी व्यवस्थाका रूपमा लिंदा कम्युनिज्म भनेको विद्यमान सामाजिक, आर्थिक सम्बन्धहरूको क्रान्तिकारी रूपान्तरण र त्यसका आधारमा अहिलेको विद्यमान संपूर्ण मानवीय चिन्तन, सांस्कृतिक तथा नैतिक मूल्यमान्यताहरूको क्रान्तिकारीकरण हो । त्यसैले त्यो माव जातिको ऐतिहासिक विकासको एउटा महान् क्रान्तिकारी फड्को रहन्छ । उक्त सामाजिक व्यवस्थामा मानिसहरूको सम्पूर्ण जीवन, तिनीहरूको जीवनशैली, तिनीहरूको चिन्तन र व्यवहार सबै कुरामा आमूल परिवर्तन हुने छ । यस महान् रूपान्तरणको प्रक्रिया सर्वहारा वर्गले राज्यसत्ता आफ्नो हातमा लिने कार्यबाट सुरु हुन्छ । सो प्रक्रिया एउटा निरन्तर क्रान्तिका रूपमा चल्छ । वर्तमानबाट उपरोक्त चहकिलो भविष्यतर्फ पुग्ने बीचको अवधिमा, सर्वहारा वर्गको अधिनायकतन्त्र एउटा आवश्यक र अनिवार्य संक्रमण विन्दु रहन्छ । कम्युनिष्ट समाजको निर्माणपछि उक्त अधिनायकतन्त्र आफै बिलाएर जान्छ । यसलाई मार्क्सले सारगत रूपमा यसरी व्यक्त गरेका छन् : 'क्रान्तिकारी समाजवाद र साम्यवाद भनेको क्रान्तिको निरन्तरताको घोषणा हो । त्यसमा सर्वहारा वर्गको वर्गीय अधिनायकत्व सामान्य वर्गविभेदहरूको उन्मूलनका लागि, सो विभेदको आधार रहेका सबै उत्पादन सम्बन्धहरूको उन्मूलनका लागि तथा उक्त सामाजिक सम्बन्धहरूको परिणाम रहेका सबै विचारहरूको क्रान्तिकारीकरणका लागि आवश्यक संक्रमण विन्दु हो ।'

व्यवस्थाका रूपमा कम्युनिज्म कुनै पनि मुलुकमा पूर्ण रूपले बनिबनाउ भएर अस्तित्वमा आउने कुरा होइन, त्यो त सम्बन्धित मुलुकका विशिष्ट ठोस ऐतिहासिक स्थितिलाई, त्यसको ऐतिहासिक विकासको स्तरलाई आधार बनाएर ऐतिहासिक रूपले विकसित हुँदै अस्तित्वमा आउने स्थिति हो । उदाहरणका लागि पुँजीवादी दृष्टिले विकसित मुलुकहरूमा कम्युनिष्ट समाजको निर्माण समाजवादी रूपान्तरण मार्फत् हुन्छ भने अविकसित सामन्ती वा अर्धसामन्ती तथा अर्ध औपनिवेशिक मुलुकहरूमा त्यसले नौलो जनवादी क्रान्ति मार्फत् समाजवादमा आफूलाई स्थापित गर्दछ । आफ्ना आन्तरिक तथा बाह्य अन्तरविरोधहरूसँग जुध्दै आफ्नो प्रगतिको बाटोमा आरोह-अबरोह तथा पछि हटाइलाई बेहोर्दै र अनेकौं खुड्किलाहरू पार गर्दै त्यसले आफूलाई स्थापित गर्दछ ।

सिद्धान्तका रूपमा कम्युनिज्म भनेको मानिसका शोषणका विरुद्ध विश्वका श्रमिक जनताको मुक्तिको महान् लक्ष्य र सो लक्ष्यको व्यवहारिक उपलब्धिका लागि आवश्यक अवस्थाहरूको तयारी र अपनाउनुपर्ने बाटोको निर्देशन हो । शोषित पीडित जनताको मुक्तिको चाहना र त्यसको पूर्तिका लागि तिनको संघर्षको भावनालाई त्यसले प्रतिनिधित्व गर्दछ । एंगेल्सको भनाइअनुसार "कम्युनिज्म भनेको सर्वहारावर्गको मुक्तिका अवस्थाहरूसम्बन्धी सिद्धान्त हो ।" कम्युनिज्मलाई यथार्थतामा परिणत गर्नका लागि चाहिने वस्तुगत र मनोगत अवस्थाहरूको वैज्ञानिक व्याख्या-विश्लेषण र उपयुक्त बाटोको निर्धारण हुनु एउटा आवश्यकता हो, र सो काम सिद्धान्तको हैसियतबाट कम्युनिज्मले गर्दछ । यस दृष्टिबाट कम्युनिज्म भनेको सर्वहारा वर्ग र अन्य श्रमिक जनताले शोषण र उत्पीडनबाट वास्तविक मुक्ति कुन अवस्थाहरूमा र कुन उपायहरूबाट हासिल गर्न सक्छन् त्यससम्बन्धी निर्देशन र शिक्षा हो ।

मार्क्स र एंगेल्सद्वारा प्रतिपादित वैज्ञानिक साम्यवादका जुन निर्देशक सिद्धान्तहरू छन्, ती भावना र कल्पनामा आधारित नभएर मानवजातिको ऐतिहासिक विकासका वस्तुगत नियमहरू माथि आधारित छन् । त्यसैले, ती समाजवाद सम्बन्धी अन्य विचारहरू भन्दा (काल्पनिक समाजवाद, आदि) उच्च वैज्ञानिक तथा सही छन् । धेरै पहिले मार्क्सले "१८४४ का आर्थिक दार्शनिक "पाण्डुलिपि" नामक आफ्नो कृतिमा यस्तो विचार व्यक्त गरेका थिए, "कम्युनिज्म भनेको तात्कालिन भविष्यको आवश्यकता ढाँचा र गतिशील सिद्धान्त हो ।" यसरी, कम्युनिस्ट सिद्धान्तको मुख्य काम वास्तविक परिस्थितिलाई बुझ्न र द्वन्द्वात्मक रूपले रणनीति र कार्यनीतिको प्रतिपादन गर्न र ठोस अवस्थाहरूको ठोस विश्लेषण गरी सही बाटो र उपाय निर्धारित गर्न दिशानिर्देश गर्नु हो ।

सिद्धान्तको हैसियतबाट कम्युनिज्मले आफ्ना विरोधी विचारहरूसित निरन्तर जुध्नु परेको छ र अविचल रूपबाट जुध्दै आएको छ । जहाँसम्म विरोधी विचारहरूसितको त्यसको संघर्षको सवाल छ, उक्त वैचारिक संघर्षमा त्यसले अन्तिम विजय हासिल गरिसकेको छ, किनभने आफ्नो वैज्ञानिकता न्यायोचितता र विश्वसनीयताको कारणले विचारका रूपमा त्यो अजेय रहेको छ । विश्वका करोडौं करोड जनतालाई आफ्नो प्रभाव तथा पकडमा पारेको दृष्टिबाट विचार गर्ने हो भने, त्यो एउटा सबल भौतिक शक्तिको रूपमा विद्यमान छ । अहिले पुँजीवादी र निम्नपुँजीवादी विचारधाराहरूले आफूलाई आफ्नै वैचारिक आधारमा प्रस्तुत नगरिकन समाजवादी वा मार्क्सवादीको जामा लगाएर प्रस्तुत गरिरहेको जुन तथ्य हामी देखिरहेका छौं, त्यो तथ्य स्वयं नै त्यसको सवलता र अजेयताको ठोस प्रमाणीकरण हो । लोकतान्त्रिक समाजवाद, संशोधनवाद, आदि त्यसका उदाहरण हुन्, किनभने लोकतान्त्रिक समाजवाद भनेको पुँजीवादी समाजभन्दा अर्को केही होइन र "संशोधनवाद एक प्रकारले पुँजीवादी विचारधारा हो ।"

आधुनिक कम्युनिज्मको दर्शन वर्तमान युगको सबभन्दा समुन्नत वैज्ञानिक दर्शन, द्वन्द्वात्मक भौतिकवाद हो । द्वन्द्वात्मक भौतिकवादी तरिकाको प्रयोग गरेर, कम्युनिस्ट सिद्धान्तले श्रमिक मानवजाति मुक्ति संघर्षको सम्पूर्ण आयमको उचित रूपमा प्रतिनिधित्व गरेको छ ।

कम्युनिज्म भनेको सिद्धान्तमात्र होइन, एउटा आन्दोलन पनि हो । शोषण, अन्याय-अत्याचार तथा हरू प्रकारको उत्पीडनको अन्त्यको लागि र वर्ग विहीन, समृद्ध समाजको निर्माणका लागि लामो समयदेखि चलिआएको श्रमिक जनगणको आन्दोलनको विस्तारित तथा विकसित रूप हो यो । जबसम्म मानिसद्वारा मानिसको शोषण तथा उत्पीडन कायम रहन्छ, तबसम्म यो आन्दोलन चलिरहन्छ । महान् सामाजिक-आर्थिक रूपान्तरणका लागि चल्ने कुनै पनि आन्दोलनको रूप र आकार बन्दै जान्छ, त्यसले परिधिको विस्तार हुँदै जान्छ र त्यसमा झन्झन् बढी संख्यामा जनता सचेत र संगठित रूपबाट संलग्न हुँदै जान्छन् । आन्दोलनको रूपमा कम्युनिज्ममा पनि यो कुरा लागु रहेको छ । हामीले कुन ऐतिहासिक तथ्यलाई देखेर आएका छौं भने कम्युनिस्ट आन्दोलन अनेकौं मोड र घुम्ती हुँदै र समय-समयमा अनेकौं पछिहटाईलाई बेहोर्दै अघि बढेर आएको छ र साथै आफ्नो ऐतिहासिक अग्रगतिमा त्यसले अनेकौं महान् सफलता र विजयहरूको रेकर्ड पनि कायम गरेको छ । अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा विभिन्न रूपमा चल्दै आएको यस आन्दोलनको संगठन र नेतृत्व सर्वहारा वर्गले (कम्युनिस्ट पार्टी मार्फत) गर्दै आएको छ ।

आन्दोलनका रूपमा कम्युनिज्म भनेको सामाजिक, राजनैतिक तथा सांगठनिक व्यवहारको विषय हो । कम्युनिज्मले आफ्नो लक्ष्य अर्थात नयाँ संसारको निर्माण गर्ने लक्ष्यलाई यथार्थमा फेर्नका लागि गर्ने संघर्षको कुरा हो । यो संघर्ष निकै कठिन र जटिल छ । किनभने यस कार्यक्षेत्रमा कम्युनिज्मले ज्यादै विविध र जटिल स्थितिसित व्यवहार गर्नुपर्ने हुन्छ, निकै घूर्त, षड्यन्त्रकारी, संगठित शक्तिहरूसित लड्नु परेको हुन्छ । वर्तमान समाज निकै जटिल छ, यहाँ विभिन्न वर्ग, पार्टी तथा शक्तिहरू आ-आफ्ना स्वार्थ लिएर सक्रिय छन् । यहाँ नानाथरीका विचार तथा प्रवृत्तिहरू छन्, र यहाँ पाइला पाइलामा नयाँ कुराहरू, नयाँ समूहहरू, नयाँ विचारहरू देखा पर्ने गर्छन् । अझ अर्को कुरा के भने, कम्युनिज्मले विभिन्न क्षेत्रहरूबाट आफ्नो भित्र प्रवेश गरेका गलत तत्व, दृष्टिकोण तथा प्रवृत्तिहरूसित संघर्ष गर्दै अघि बढ्नु पर्ने हुन्छ । यसरी त्यसले पाइला पाइलामा, अनवरत रूपले संघर्षमा लाग्नुपर्छ । त्यस स्थितिमा कम्युनिस्टहरूले ठूला सुझबुझका साथ, कुशलतापूर्वक र कामकाजी ढंगबाट र परिस्थितिमा हुने कुनै फेरबदलअनुसार नीति तथा कार्यनीति तय गर्दै अघि बढ्नु जरुरी रहन्छ । यस सम्बन्धमा मार्क्सले निम्न विचार व्यक्त गरेका छन् ।

"निजी सम्पत्तिको विचारको उन्मूलन गर्नका लागि कम्युनिज्म सम्बन्धी विचार एकदमै पर्याप्त छ । वास्तविक निजी सम्पत्तिको उन्मूलन गर्न वास्तविक कम्युनिस्ट कार्यवाहीको खाँचो पर्छ । इतिहासले त्यसतर्फ लैजाने छ र यो आन्दोलन जसलाई सिद्धान्तको रूपमा जानिसकेका छौं, त्यो आन्दोलन वास्तवमा एउटा अति कठोर तथा दीर्घकालीन प्रक्रिया बन्ने छ ।"

नौलो सामाजिक व्यवस्था, क्रान्तिकारी सिद्धान्त र जनआन्दोलनका रूपमा कम्युनिज्म आफूभित्र मानवजातिको उज्वल भविष्य लिएर निरन्तर गतिशील छ । आफ्नो गतिमा त्यसले जस्तोसुकै दमन, अनतः ध्वंस तथा पछिहटाइहरू बेहोर्नु परे पनि, अन्तिम विजय त्यसकै हुनेछ । वर्तमान युगमा सबै बाटाहरूले कम्युनिज्मतर्फ लैजान्छन्, किनभने कम्युनिज्म मानवजातिको अहिलेको गन्तव्य हो, तात्कालिन भविष्य हो ।

# यस्तो थियो जनयुद्धको शुभ विहानी



कुमार शाह

२०५२ साल पूर्वको कुरा हो । जनयुद्धको तयारी गर्ने भनेर निकै उत्साहमा भूमिगत सञ्चार फैलिएको थियो । गाउँगाउँका सचेत समूह तथा युवाहरूमा यसले केही नयाँ तरंग र कौतुहलता ल्याएको थियो । खुलेर प्रचारप्रसार र होहल्ला पनि गर्न निषेध थियो । तर मानिसहरूलाई यो नयाँ कुराले कतै न कतै भने कुत्कुत्याएको थियो । निरन्तर काउकुती लगाएको थियो । मन मिल्ने र तात्कालीन जनमोर्चा नेपाल तथा नेकपा (माओवादी) सँग जोडिएका मानिसहरूसँग जनताले जनयुद्धको प्रसंग अलि बढी कोट्याउँथे ।

यसो गोप्य भेटघाट र जानेसुनेका कुराहरूमा बढाइचढाइ गरेर गफ पनि दिने गर्दथे एकअर्कालाई । नौलोनौलो र रहस्यरहस्य लाग्ने यी कुराले गाउँघरमा निकै नै खासखासखुसखुस चलाएको पनि थियो । मानिसहरू कसैले सुने कि भनेर यसो बाहिरफेर मुन्टो तानेर हेर्ने, केटाकेटीहरूलाई ड्युटी गर्न लगाउने, सतर्क रहने, विचार मिल्नेहरू कुराकानी गर्नथालने र संगठित हुने प्रक्रिया झाँगिन थाल्यो ।

तात्कालिन कांग्रेसी सरकार र जनमोर्चाका बीचमा स्थानीय स्तरमा शत्रुता निकै चुलिएर गयो । कांग्रेसले जनमोर्चालाई 'उग्रवादी तत्व' भनेर हमला गर्ने गर्दथ्यो भने जनमोर्चाले 'भारतीय दलाल र शोषक फटाह' भनेर कांग्रेसी हमलाको प्रतिवाद गर्ने गर्दथे । पछि त नेपाली कांग्रेसले सैयौंको समूहमा सार्वजनिक झुट्ठा मुद्दा लगाएर



जनमोर्चाको वनवास लगाउने अभियान थाल्यो । रोल्पा जिल्लामा यो निकै चर्को बनेर गयो । मुद्दा लगाइएका शिक्षक, विद्यार्थी र गाउँका किसानहरू भूमिगत हुन बाध्य भए । नेकपा (माओवादी) पार्टीले सोचेको के थियो र कसरी थियो, तर गाउँघरमा एकखाले ग्रामीण वर्गसंघर्षको अवस्था सिर्जना हुन पुग्यो । जनयुद्ध पूर्व नै ग्रामीण वर्गसंघर्ष चलिहाल्यो ।

लडाइँ स्थानीय विशिष्टितामा हुन थाल्यो । स्थानीय संघर्षका कतिपय कुराहरू विचार र जनयुद्धको सैद्धान्तिक रेडिमेड सोचसँग मेल नखाएको पनि देखियो । तर त्यसै नगरी स्थानीय लडाइँ पनि नलडिने र स्थानीय नेपाली कांग्रेसका मानिसहरू पनि पछि नहट्ने । सोच्दै र लड्दै जाँदा नयाँ नयाँ तर स्थानीय काइदाका लडाइँका स्वरूपहरू विकास भए ।

लेटर एक्सन

सुरुको अवस्था भएकाले कसरी अघि बढ्ने भन्ने प्रश्न उब्जिएको थियो । के, कहाँ, कसरी आदि ठोस हुन बाँकी थिए । उता कांग्रेसी सरकारले गर्नुनगर्नु गरिरहेको थियो । दमन निकै बढाएको थियो । हामीहरूलाई यति पीडा भयो कि रोल्पाली जनताले पाएको दुःख असह्यै थियो । हामीले बारम्बार सुनेको र देखेका थियौं कि महिलाहरूलाई नङ्ग्याएर लाइन लगाई बलात्कार गर्ने समेत गरेको थियो । कुटपिट र यातनाको त कुनै सीमा नै थिएन । त्यसैले हामीले लेटर बम पठाउने निर्णय गर्‍यौं । तर त्यो साच्चिकै पड्कने बम चाही थिएन । त्यतिबेला डीएसपीले गरेका हरेक कुकृत्यहरूको फेहरिस्त तयार पारेर 'तैले यो यो गरेको छस् र हाम्रो टार्जेटमा छस्' भनेर पत्र पठायौं । त्यो चिठ्ठीले उसको नैतिक बलमा यति ह्रास ल्याइदियो कि उनीहरूबीच एउटा आतङ्क नै छायो । त्यसबारे चारैतिर होहल्ला फैलियो । तिनीहरूले त्यो चिठ्ठी गृहमन्त्रालयमा समेत पठाएका थिए ।

त्यसपछि हामीहरू प्रतिरोध सङ्घर्षमा जुट्यौं । त्यतिबेला हाम्रो वाईसीएलले राम्रो भूमिका निर्वाह गरिरहेको थियो । यो सङ्गठनले युवाहरूलाई सङ्गठित गर्दै लडाकुपनको विकास गरिरहेको थियो । हाम्रो प्रतिरोधको अग्रमोर्चामा वाईसीएलले नै भूमिका निर्वाह गरेको थियो । विशेषतः स्थानीय गुण्डा र फटाह तथा जालीहरू, जसले गाउँमा जनतालाई दुःख दिने गरेका थिए, तीमाथि चेतावनी स्वरूप कुटपिटका सामान्य कार्वाहीहरू सुरु गर्‍यौं । ग्रामीण बेल्टहरूमा वाईसीएलले कार्वाहीलाई निरन्तरता दिँदै गयो ।

रोमियो अपरेशन

यो अवस्थालाई राजनीतिक रूपमा र शान्तिपूर्ण किसिमले सम्बोधन गर्नुभन्दा पनि सरकार भीषण दमनमा उत्रियो र रोमियो (रोल्पा मेजर अपरेशन) अपरेशन चलायो- विशेषतः रोल्पाको पूर्वी बेल्टमा । काङ्ग्रेस र एमालेको मिलेमतोमा नेताहरू पुलिस लिएर गाउँगाउँ जाने र घेरा हाल्ने तथा ...बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# निर्मलाको भनी पठाइएको 'भेजिनल स्वाब' नक्कली

## कुहिरोमा उडान भरिरहेका छानबिनहरू सबै नाटक मात्र



काठमाडौं । कञ्चनपुरकी १३ वर्षीया बालिका निर्मला पन्तको शबबाट निकालिएको भनिएको 'भेजिनल स्वाब' नक्कली भएको ठहर हुन आएको छ। यसको सक्कलीपना र वैधानिकतामा उनका आफन्त र स्थानीय जनताले सुरुदेखि नै शंका जाहेर गर्दै आएका थिए। तर निर्दोषहरूलाई समाउने र अपराध स्वीकार गर्न लगाउने काम प्रहरीले गर्दै आएको थियो, जो एकएक गरी झुट्टा साबित हुँदै आए। तर प्रहरीले नक्कली काम गर्न छाडेन। गर्दागर्दा गृहमन्त्रालयको आदेशमा सीआईबी पनि अनुसन्धानका लगि पठाइयो केन्द्रीय अनुसन्धान टिम बनाएर। तर यसले पनि कुहिरोमा निकै नक्कली उडानहरू भर्‍यो। आफ्नै बेइज्जत गर्‍यो।

अहिले बल्ल मुख खोल्न बाध्य भएको छ कि आजसम्म करोडौं खर्च गरेर निकै मेहनतका साथ गरिएको भनिएको अनुसन्धान र डीएनए परीक्षण सबै बनावटी र नक्कली थिए भनेर। किनकि, निर्मलाको भेजिनल स्वाब नै पठाइएको थिएन। अहिले प्रमाण जुटाउन केही पनि हात नलागेपछि निर्मलाकी आमा दुर्गादेवी पन्तको रगत क्रस चेकका लागि नमुना लिइएको छ। आमाको त्यो रगतको नमूना छोरीको भनी पठाइएको नककली भेजिनल स्वाबसँग क्रसचेक गरिने छ।

यो क्रसचेकमा आमाबाट लिइएको रगत र निर्मलाको भनी पठाइएको नक्कली 'भेजिनल स्वाब' मेल खाने कुरै छैन। तयसपछि निर्मलाको बलातकार र दोषीको खोजीको प्रमाण सबै नष्ट भएको मानिने छ। र, अरु फेक अनुसन्धानहरू अघि बढाएको देखाइने छ ताकि जनतामा खोजी भएरहेको छ भन्ने भ्रम परिराखोस्। निर्मलाकी आमाबाट लिइएको नमूना रगत पनि प्रहरीले साटेर अरुको रगत दिन सक्छ। यसमा पनि कुनै विश्वास र भरोसा छैन। केन्द्रीय अनुसन्धान भनिएको टिम र सीआईबीले हावा खाएपछि थप अनुसन्धानका लागि स्थानीय कञ्चनपुर प्रहरीलाई थप अनुसन्धान गर्न भनी आह्वाइएको छ। यो टार्नका लागि मात्र भएको आफैमा स्पष्ट छ।

स्मरण रहोस् निर्मलाकी आमाले आफ्नो रगतमार्फत् निर्मलाको भेजिनल स्वाबको वैधानिकता चेकजाँच गरी पाऊँ भनी निवेदन दिएपछि मात्र प्रहरी उनको रगतको नमुना लिन बाध्य भएको हो। तर निर्मलाकी आमाको रगत सुरक्षित साथ जाँच गरिन्छ र त्यसलाई क्रसचेक गरिन्छ भन्ने कुरामा जिम्मा र विश्वास कसको रहने ? नमूना रगत लिएको प्रहरीले बुधबार नै दुर्गादेवीको डीएनए जाँचका लागि रगतको नमुना लिएर महाकाली अञ्चल अस्पतालमा बुझाएको भनेको छ। त्यो बुझायो वा बुझाएन, विश्वास गर्ने आधार छैन।

सबैको चासो र चिन्ताको विषय बनेको निर्मला बलात्कार र हत्या जस्तो गंभीर विषयमा भइरहेको छाबिनका लागि 'भेजिनल स्वाब' सँग क्रसचेक गर्न भनी लिइएको निर्मलाकी आमाको रगत नमूनाबारे नेपाल प्रहरीकै केन्द्रीय कार्यालमा कुनै पनि आधिकारिक जानकारी कञ्चनपुर प्रहरीले पठाएको छैन।

कञ्चनपुरका तत्कालीन प्रहरी प्रमुख डिल्लीराज बिष्टलाई अनुसन्धानमा लापर्बाही गरेको र सुरु प्रमाण नष्ट गरेको भनी छानबिन अगावै सेवाबाटै बर्खास्त गरी अनुसन्धानको प्रक्रियाबाट पाखा लगाइसकेको छ।

# भक्तबहादुर श्रेष्ठ स्मृति दिवस मनाइयो

काठमाडौं / भक्तबहादुर स्मृति दिवस काठमाडौंमा भव्य रूपमा मनाइएको छ। महेश सिग्देलद्वारा सञ्चालन गरिएको उक्त एकदिवसीय कार्यक्रमको सभापतित्व सीपी गजुरेलले गरेका थिए। कार्यक्रममा अतिथिहरू दिनेश शर्मा, दिलबहादुर घिसिङ, नेकपा प्रदेश सांसद प्रेमबहादुर पुलामी, नेकपा (बिप्लव)का नेता इन्द्रबहादुर परियार, भक्तबहादुर श्रेष्ठका भाइ गोबिन्द श्रेष्ठ र पत्रकार प्रताप बिष्टका साथै बुद्धिजीवी कौशल पाण्डेको उपस्थिति थियो। कार्यक्रममा इन्दिरा अधिकारीले स्वागत मन्तव्य दिएका थिए।

# बर्दियामा देजमो नेपालको नगर सम्मेलन



बर्दिया। बर्दियाको बासगढी नगरमा देजमो नेपालले नगर सम्मेलन भव्य रूपमा सम्पन्न गरेको छ जसमा क.जगत ब शाहीको अध्यक्षता मा १५ सदस्य नगर कमिटी चयन गरेको छ।

# अखिल नेपाल थारु राष्ट्रिय मुक्ति मोर्चाको ५ नं. प्रदेशको भेला सम्पन्न



नेपालगञ्ज । नेकपा (क्रान्तिकारी माओवादी) को मोर्चा अखिल नेपाल थारू राष्ट्रिय मुक्ति मोर्चा को ५ नम्बर प्रदेशको भेलाले रामजी थारूको संयोजकत्वमा ९ सदस्यीय आयोजक समिति चयन गरेको छ। भेला नेपालगन्जमा भव्य रूपमा सम्पन्न भएको छ। कार्यक्रममा थारु मुक्तिमोर्चाका केन्द्रीय महासचिव रामजी चौधरी, नेकपा (क्रान्तिकारी माओवादी)का क.संकुल र सल्लाहकार क.किरणको विशेष उपस्थिति रहेको थियो।

# राजदूत लकी शेर्पाको राजीनामा माग

काठमाडौं। अस्ट्रेलियाका लागि नेपाली राजदूत लकी शेर्पाको कुरा एकताका निकै चर्चामा आए पनि अहिले साइँयसुइँय भएको छ। जनताका आँखा र कान त केही टाठा भएकका छन् र सोधनी गर्छन् लकी शेर्पाको भाग्य के भयो भनेर। तर सरकार भने कानमा तेल हालेर बसेको छ। कताकता मन्त्रीमण्डलको बैठकबाट उनलाई फिर्ता बोलाइयो भन्ने पनि सुनिन्छ। तर केपी ओली सरकारको सूचना लुकाउने नियमले यो कुरा बाहिर आउन पाएको छैन। देश र जनता अनभिज्ञ छन्।

एकादुकान भने अस्ट्रेलियाका लागि नेपाली राजदूत लक्की शेर्पालाई बर्खास्त नगरिएको तर राजिनामा दिन सुझाव दिइएको पनि चर्चा चलेको सुनिन्छ। तर सोमबार साँझ एक्कासी मन्त्रिपरिषद बैठकले राजदूत शेर्पालाई बर्खास्त गर्‍यो भन्ने पनि समाचारमा नआएको होइन। नेकपाका वरिष्ठ नेताहरूसमेत् प्रधानमन्त्री केपी शर्मा र पुष्पकमल दाहालको खेल हो के भएको छ भनेर टार्ने गरिरहेका छन्।

प्रधानमन्त्री केपी ओलीले दाहाललाई तपाईको मान्छेलाई तपाईंले नै संझाएर मिलाउनूस् भनेको उनका स्वकीय सचिवहरू बताउन थालेका छन्। राजदूत शेर्पालाई उनकै पूर्वचालक वाङ्छु शेर्पाले मानव बेचबिखनको आरोप लगाएपछि उनी विवादमा तानिएकी थिइन्। त्यसपछि उनलाई नेपा झिकाइएको थियो। उनीमाथि छानबिनका लागि गठित छाबिन समितिले उनलाई राजदूत कायमै राख्न उचित नभएको सुझाव दिएको थियो।

# हडतालमा चिकित्सक कर्मचारी

काठमाडौं। निजामती कर्मचारीको समायोजनका कुर ासँगै गरिएको हडतालले केही विश्राम पाएका बेला सरकारी चिकित्सक कर्मचारीहरू फेरि हडतालमा उत्रिएका छन्। सरकारले निजामती तथा चिकित्सक कर्मचारीहरूका बीचमा विभेद गरेको उनीहरूको आरोप छ। उनीहरूका अनुसार निजामती कर्मचारीहरूलाई वृत्ति विकासको व्यवस्था गरिदिने तर चिकित्सक कर्मचारीहरूलाई न त ग्रेड बढुवा न त सेवा सुविधा नै उपलब्ध गराउने गरिएको छ। यसबाट निजामती तथा चिकित्सक कर्मचारी बीचमा सौतेलो व्यवहार भएको बताइएको छ।

यो विभेदलाई समान बनाउन ओली सरकारले निजामती कर्मचारीसरह ग्रेड तथा सेवासुविधाको व्यवस्था गरोस् भन्ने पनि उनीहरूको माग रहेको छ। यसका लागि देश भरका चिकित्सक कर्मचारीहरूले इमर्जेन्सी बाहेक दिनको एक घण्टा अन्य सेवा ठप्प पार्ने गरेका छन्।

उनीहरूको भनाइअनुसार सरकारसँग माग गरेर मात्र हुँदैन, यसलाई सुनाउन र बुझाउनका लागि हडताल नै गर्नुपर्छ। सरकारले आँखा पनि नदेख्ने र कान पनि नसुन्ने गरिरहेकाले यस्तोखालको विधि र प्रक्रियाहरू अपनाउनु परेको चिकित्सकहरूको भनाइ छ।

सरकारले भने अहिले कसैलाई पनि थप सेवा सुविधा नदिइएको र निजामती कर्मचारीमा केवल तह मिलान मात्र गरिएको बताइएको छ। संघीय संरचनाअनुसार कर्मचारीतन्त्रमा कस्तोखाले सोच र संरचना बनाउनु पर्छ भन्ने बारेमा कुनै पनि अग्रिम तयारी नभएकाले यी समस्याहरू 'क्रोनिक' बनेर जान थालेको विश्लेषकहरू बताउन थालेका छन्।

# इलाममा बहस : 'केपी भर्सेस केसी'

काठमाडौं। डा. गोविन्द केसीको अनसनको डढेलोले पूर्वी नेपालका नेकपाका नेताहरू केपी ओली, सुवास नेम्वाङसहितको राजनीति स्वाहा हुने भएको छ। प्रत्येक प्रदेशहरूमा एकएकवटा मेडिकल कलेजको मागसहित डा. केसी इलाममा पुगेर अनसन बसेपछि सत्ताधारी दल नेकपामा खैलाबैला र छटपटी सुरु भएको छ।

नेकपाका नेताहरू काठमाडौंमा बसेर माफियाहरूसँग मिलेर शिक्षा, स्वास्थ्य, वनजंगल तथा सीमाना बेचेर खाने काम गरिरहेकाले आफू जीवनको पर्वाह नगरी इलाममा आमरण अनसन बस्न आएको भनी केसीले स्थानीयहरूका माझमा कुरा चुहाएपछि नेकपाका नेताहरूको स्थानीय साथ र समर्थनमा डढेलो लागेको छ। केसीको जायज मागहरूसहितको अनसन अब नेकपाका गफाडी नेताहरूका लागि चैतमासको डढेलो बन्न पुगेको छ।

नेकपाका युवा नेता योगेश भट्टराई आफ्नो बचाउका लागि केसीको अनसन ओली सरकारका विरुद्धको षडयन्त्र भएको वक्तव्यबाजीमा उत्रिएका छन्। तर उनकै क्षेत्रका जनताहरूले 'कहाँको केसीको जीवनमरणको संघर्ष र कहाँको योगेश भट्टराइहरूको काठमाडौंका आलिशान महलमा बसेर दिइएको गफ' भनेर खिस्सी उडाउन थालेपछि उनको वक्तव्यबाजी हावामा बिलाउन पुगेको छ।

स्थानीय जनताका अनुसार केसीको इलामेली अनसनले सुवास नेम्वाङको स्थानीय समर्थमा सबैभन्दा ठूलो असर पुर्‍याउने छ। नेम्वाङ यसपछि धूलोचटाइमा पर्ने स्थानीयहरूले बताउन थालेका छन्। प्रम केपी ओलीको बाह्रतले टावर पनि केसीको अनसनको डढेलोमा पर्ने भएको छ। स्थानीय जनताहरू भन्छन्- 'केसीको मेडिकल कलेजले जनताका छोछोरीको भविष्य उज्यालो पार्छ, केपीको टावरले दलाल तथा मुनाफाखोरहरूको राजलाई पूर्वी नेपालमा विस्तार गर्छ।'

पूर्वी नेपालमा रहेका केही राजनीतिक विश्लेषकहरू भन्छन्- 'राजनीतिक वातावरण त अब केपी भर्सेस केसी पो हुन थालेको छ।' डा. केसीले प्रम केपी शर्मा ओली उनको डरलाग्दो स्वास्थ्य अवस्थाका कारण शारीरिक तथा मानसिक रूपमा स्वस्थ नरहेको गम्भीर संकेत पनि सार्वजनिक रूपमै गरेका छन्।

## सुरेश तामाङ...

उपस्थित गराउन विहीवार नै सर्वोच्चद्वारा महानगरीय प्रहरी परिसर टेकुलाई आदेश जारी गरिएको थियो।

सुरेश तामाङको जीवन संगिनी निर्मला तामाङद्वारा बुधवार सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणको रिट निवेदन दर्ता गरेपछि विहीवार ११.० बजे सर्वोच्चमा १३ जना वकिलहरूद्वारा संयुक्त रूपमा बहसपछि निज तामाङलाई सशरीर सर्वोच्चमा उपस्थित गराउन अदालतको आदेश आएको थियो।

तामाङको बन्दीप्रत्यक्षीकरण रिटका पक्षमा लगातार १३ जना वरिष्ठ अधिवक्ता तथा अधिवक्तहरूले लगातार बहस गरेपछि सर्वोच्च आदालतमा आश्चर्यजनक कौतुहलता छाएको थियो। वरिष्ठ अधिवक्ता शेरबहादुर केसी, वरिष्ठ अधिवक्ता एकराज भण्डारी, वरिष्ठ अधिवक्ता यदुनाथ खनाल, अधिवक्ता देवकुमार मोक्तान, अधिवक्ता फणिन्द्र कार्की, अधिवक्ता पेमा लामा, अधिवक्ता भेषराज पाण्डे, अधिवक्ता चन्द्रप्रसाद पोखरेल, अधिवक्ता रामबहादुर खड्का, अधिवक्ता रामकुमार माझी, अधिवक्ता भीमबहादुर गुरुङ, अधिवक्ता डिल्लीप्रसाद न्यौपाने र अधिवक्ता मनोहर लामिछानेले बहस गर्दा सर्वोच्चको बहस हेर्न र सुन्न लायकको बनेको थियो।

बन्दी प्रत्यक्षीकरणको उक्त रिटमा सुरेश तामाङलाई आइतवार उनकै घरमा बिहान ११ बजे खानाखाई बाहिर निस्किएको बेलामा सीआईबी प्रहरीको एक हुलले लछारपछार गरी गालीगलौज गर्दै अपमानित ढंगले प्रहरी भ्यानमा राखी लगिएको थियो।

### विषय : सम्पत्ति विवरणबारे।

हाम्रो संगठन देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय समितिका पदाधिकारी र केन्द्रीय सदस्यहरूले आफ्नो चल तथा अचल सम्पत्तिको विवरण सिलबन्दी गरी केन्द्रीय कार्यालय बुद्धनगरमा बुझाएको र त्यसको जानकारी केन्द्रीय कार्यालयले विवरणसहित निर्वाचन आयोग कान्तिपथ, काठमाडौंमा पेश गरेको कुरा सर्वसाधारणसमक्ष जानकारी गराइएको छ।

**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका सम्पत्ति विवरण बुझाउने केन्द्रीय पदाधिकारी र केन्द्रीय सदस्यहरूको नामावली**

पदाधिकारीहरूः अध्यक्ष : चन्द्र प्रसाद (सी.पी.) गजुरेल, सचिव : परि थापा

केन्द्रीय सदस्यहरू : कमल चौधरी, श्रीनाथ अधिकारी, पवनमान श्रेष्ठ, केशर बहादुर गुरुङ, नगेन्द्र प्रसाद राई, अम्बिका मुडभरी, कुमार शाह, चक्रपाणी शर्मा, अशोक कुमार राउत, कान्छाराम तामाङ, यादव प्रधान, श्री राम बहादुर केसी, दिलबहादुर घिसिङ, जितेन्द्र कुमार सिंह, हरिकृष्ण गजुरेल, सचिर नन्द महर्जन, गोर्की प्रसाद श्रेष्ठ, हरिकृष्ण उपाध्या, भरत बहादुर बुर्जा मगर, भूल बहादुर थापा, होम चन्द्र घिमिरे, गोपाल बहादुर विश्वकर्मा, तारक बहादुर तुम्बाहाङफे, गोविन्द प्रसाद चौलागाई, पेम डोमा शेर्पा, पशुपति आचार्य, शान्तिराम गिरी, खड्क प्रसाद, पूर्ण कुमारी देवकोटा, तिवेन्द्र चापागाईं, इन्दीरा अधिकारी, इन्दीरा घिमिरे, अम्बिका देवी पाण्डे, सोमन लामा, श्रीकृष्ण सुलु, श्याम केसी, सुशीला अधिकारी (थापा), भिम बहादुर श्रीस, रामविलास चौधरी (थारु), नीमकला सिंजाली, हसनराजा मुस्लमान, बृजदेव पाण्डे, मकबुल अली, तेज कुमारी थापा, गोपाल नेपाली, अब्दुल सलाम, सेवन्तराज भण्डारी, विष्णुराम दमाई, यमबहादुर शाह, योगेन्द्र प्रसाद राजवंशी, विष्णु खड्का र कुमार बोगटी।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# 'अन्त्य'सम्बन्धी शून्यवादी चिन्तन : एक दार्शनिक सन्दर्भ


प्रा.डा.ताराकान्त पाण्डेय

**नित्से**

दार्शनिक दृष्टिले उत्तर आधुनिकतावाद अन्त्यका दर्शनमा आधारित छ । अथवा यसो भनौं यसको दार्शनिक पीठिका शून्यवादी दर्शन हो, जसका प्रणेता फ्रेडरिक विल्हेम नित्से (१८४४ -१९००) हुन् । डेरिडाली उत्तर संरचनावाद र फुकोइअन उत्तर संरचनावाद दुवैको दार्शनिक आधार नित्सेको शून्यवादी दर्शन हो (जिमा १४८, १५०) । फुकोले त आफै "म नित्सेवादी हुँ" भनेका छन् । नित्सेका दार्शनिक चिन्तनको निचोड के हो भने सत्य सार्वभौम हुँदैन र त्यो नैतिकता भन्दा माथि पनि हुँदैन ।

समाजले स्वीकृत गरेका नैतिकताका परिधिमा रहेर हामी सत्यलाई स्वीकार गर्छौं जबकि त्यसरी स्विकारिएको सत्य पूर्ण सत्य हुँदैन, त्यो कतै प्रतीकात्मक हुन्छ र उनकै शब्दमा भन्दा सत्य वस्तुतः मानवीय आरोपणको परिणति मात्र हुन्छ । अर्थात् त्यो पूर्णतः मानवारोपित (Anthropomorphic) हुन्छ ।

नित्से के भन्छन् भने सत्य मान्छेकै माध्यमले व्यक्त हुन्छ अर्थात् यो वस्तु, यो घटना यो हो भनेर मान्छेले सूक्ष्म प्रतीक/सादृश्य (Metonymies) को प्रयोग गरेर सत्यलाई आफ्ना ढङ्गले व्यक्त गर्दछ । मान्छे विनाको सत्य हामी ग्रहण नै गर्दैनौं र त्यसरी ग्रहण गरिएको सत्यमा पूर्ण सत्यता (Absolute Reality) हुँदै हुँदैन । नित्से थप के भन्छन् भने वस्तुमा मान्छे प्रवेश गरेपछि त्यो मान्छेको व्याख्या हुन पुग्छ, वस्तुको आफ्नो वस्तुता हराउँछ ।



त्यसैले उनको निष्कर्ष छ-वास्तविकता (पूर्ण सत्य) को अनावरण सम्भव छैन (४६६) । वस्तु स्वयं सत्य हो, शब्दले सत्यलाई व्यक्त गर्न सक्तैन । शब्द/भाषा छलकारी हुन्छ । यसरी भाषाको आलङ्कारिक स्वभाव र यसका सीमाको व्याख्या गर्दै नित्से पाठलाई अनि कानुन र व्यवस्था सबैलाई छलना (भ्रम) (Simulation) बाहेक केही देख्दैनन् । भाषाका आधारमा गरिने व्यवहार र सिर्जना सबै छलना(भ्रम) मात्र हुन् उनका दृष्टिमा । उनका दृष्टिमा सत्य र मान्छे बिच चोर-पुलिसको लुकामारी खेल मात्र चल्छ । अर्थात् सत्यको नाटक मात्र गरिन्छ । यसरी नित्सेले मान्छेलाई समेत महा छली र धोकेबाजको संज्ञा दिएका छन् ।

**बौद्रिलार्द : छलना/साइमुलकारा**

नित्सेका धारणामा टेक्दै उत्तर संरचनावादी बौद्रिलार्दले पनि भाषाको छलकारी रूपको व्याख्या गरेका छन् । उनले भाषाद्वारा निर्मित पाठ (Discourse) लाई छलना (अर्थात् Simulcara)को संज्ञा दिएका छन् । यो छलना (साइमुलकारा) को तात्पर्य मूल विनाको अनुकरण/प्रतिलिपि/नक्कल (the copy without an original) हो भन्दै बौद्रिलार्द अहिलेको लेखन र युगलाई यही छलना (simulation) र अति यथार्थ (hyper reality) को लेखन र युगको संज्ञा दिन्छन् र यस युगमा वास्तविकतामाथि नक्कल (imitations) वा झुठ (Fakes) ले प्राथमिकता वा ज्ञद्दआधिपत्य कायम गरेको बताउँछन् (सेल्डन, २०१) । बौद्रिलार्द अगाडि के भन्छन् भने सङ्केतहरू (भाषिक, भाषेतर) ले वास्तविक जीवनलाई व्यक्त गर्दैनन्, बरु चिन्हहरूको स्वायत्त संसारमा वास्तविक जीवनलाई प्रतिस्थापित गरिदिन्छन् । उनका विचारमा यो वास्तविकता र बिम्बको एउटा विस्फोट (Implosion) हो ।

सञ्चार प्रविधिको यस युगमा मिडिया (विशेषतः टेलिभिजन)ले यस्ता बिम्बको निर्माण गर्छ भन्दै उनी टेलिभिजनद्वारा कुनै घटना/यथार्थका लागि निर्माण गरिने बिम्बलाई साइमुलेसन (छलना)को संज्ञा दिन्छन् । यसै आधरमा उनले अहिलेको दृश्य मिडिया वा लेख्य डिस्कोर्सलाई युटोपियाको संज्ञा दिएका छन् । वास्तविकता र त्यसको भाषिक अभिव्यक्तिप्रति ब्रौद्रिलार्दको यस्तो धारणालाई सेल्डनले शून्यवादकै प्रभाव बताएका छन् (२०१) । सेल्डनका विचारमा बौद्रिलार्दका लागि उत्तर आधुनिकता अर्थको उनुपस्थिति, निष्क्रियता, शिथिलता र इतिहास वा विषयको अन्त्यको पुनरावृत्ति हो (२०१) ।

**मिसेल फुको**

**विमर्श : सत्य, शक्ति र ज्ञानको सम्बन्ध**

उत्तर आधुनिकताका अर्का दार्शनिक आधार स्तम्भ मिसेल फुको पनि पहिला फ्रेन्च कम्युनिस्ट पार्टीका सदस्य थिए । पछि उनी त्यसबाट अलग भए । उनले किटानी गरेर मार्क्सवादको आलोचना गरेका छैनन् तर उनले इतिहासको जसरी पुनर्व्याख्या गरेका छन् र त्यसलाई जसरी खण्डित र स्थानिक बनाउने काम गरेका छन्, त्यसले सारमा मार्क्सवादको ऐतिहासिक भौतिकवादी मान्यताालाई विखण्डित गरेको छ । उनी इतिहासको निरन्तरतामा विश्वास गर्दैनन् र इतिहासको गति अग्रगामी यात्रातर्फ उन्मुख हुन्छ भन्ने विश्वास पनि गर्दैनन् । उनको नव इतिहासवादी मान्यताले इतिहासको गतिशील विकास क्रम र त्यसका गौरवपूर्ण प्राप्तिहरू अनि तिनको अद्यावधिक महइभ्वलाई निषेध गर्दछ ।

इतिहासहरू अलग अलग कालखण्डका विमर्शहरू हुन् र तिनले स्थापित गरेका सत्य वा ज्ञान त्यही विमर्शात्मक संरचना (Discursive Formation) मा मात्र सत्य हुन् भन्ने मान्यता अगाडि सारेर फुकोले ज्ञान (संज्ञान) को र सत्यको बोध र निर्धारणको भौतिकवादी प्रक्रियालाई उल्ट्याएका छन् । मार्क्सवाद पनि एउटा विमर्शात्मक संरचनामा स्थापित सत्य मात्र हो, त्यसैले त्यसको निरन्तरता र समीचीनता स्थापित हुँदैन । यस्तो अवधारणाका आधारमा घुमाउरो पाराले उनले मार्क्सवादको निषेध गर्न खोजेका छन् । समाजमा हुने द्वन्द्व र शक्तिको प्रयोगसम्बन्धी उनको मान्यता र व्याख्याले पनि वर्ग

**मार्क्सवाद पनि एउटा विमर्शात्मक संरचनामा स्थापित सत्य मात्र हो, त्यसैले त्यसको निरन्तरता र समीचीनता स्थापित हुँदैन । यस्तो अवधारणाका आधारमा घुमाउरो पाराले उनले मार्क्सवादको निषेध गर्न खोजेका छन् । समाजमा हुने द्वन्द्व र शक्तिको प्रयोगसम्बन्धी उनको मान्यता र व्याख्याले पनि वर्ग अन्तर्विरोधको मार्क्सवादी मान्यताको विखण्डन गरेको छ**



अन्तर्विरोधको मार्क्सवादी मान्यताको विखण्डन गरेको छ । अन्तर्विरोध र द्वन्द्वका अनेक रूप भए पनि समाज परिवर्तनमा वर्ग अन्तर्विरोधको केन्द्रीय भूमिका हुने र आर्थिक आधारमा हुने द्वन्द्व नै निर्णायक हुने मान्यतालाई फुकोले खारेज गरेका छन् ।

उनका विचारमा द्वन्द्व बहुधारा र बहुपक्षबीच हुन्छ । त्यसै गरी शक्ति पनि कुनै व्यक्ति, वर्ग वा संस्थामा मात्र सीमित हुँदैन, न त यो दमन, निषेध वा नियन्त्रणमा मात्र सीमित हुन्छ । शक्तिलाई उनी उत्पादनशील र सर्वव्यापी देख्छन् र यो समाजका हरेक इकाइमा निहित हुने धारणा राख्छन् (The Order of Things 100, 150) । त्यसैले उनका विचारमा शक्ति माथिबाट तल (शासक/केन्द्रबाट शासित/परिधितिर) मात्र प्रसारित हँदैन । तलबाट माथितिर अनि ठाडो मात्र नभई तेर्सो (जयचष्शायलतबर्ा) दिशामा पनि प्रसारित भइरहेको हुन्छ ।

डेरिडा, ल्योतार र फुकोले विज्ञान र महाख्यानको अन्त्य र त्यसका स्थापित अर्थप्रति जुन अविश्वास प्रकट गरेका छन् र फुकोयामाले जसरी इतिहासको अन्त्यको घोषणा गरेका छन्, ती सबका पछाडि मार्क्सवाद (र समाजवाद)को विरोधको राजनीतिक आधार र निहितार्थ त छँदै छ, तर दार्शनिक दृष्टिले हेर्दा अन्त्य, अविश्वास र संशयका उक्त सबै धारणाहरूका पछाडि वा केन्द्रमा शून्यवादी अज्ञेयवादी दृष्टि नै मुख्य रूपले सक्रिय रहेको छ जसको बलियो पृष्ठभूमि उत्तर आधुनिकताका पूर्ववर्ती दार्शनिक नित्सेमै पाइन्छ ।

# जेलभित्रको अन्तरद्वन्द्व


मेरी टाइलर

उपउच्चायुक्त सचिवको प्रस्ताव लोभ्याउने खालको थियो । उसलाई यति बढी आशा थियो कि यदि म स्वेच्छापूर्वक स्वदेश फिर्ताको लागि तयार भएँ भने ममाथि लगाउन तयार गरिएको मुद्दा फिर्ता लिइने छ र भोलि नै म यहाँबाट निस्केर लण्डन जान सक्छु । दोस्रो कुरा, यदि मैले अडान लिइराखे भने ममाथि मुद्दा चलाउने छ र यस प्रक्रियामा महिनौ लाग्न सक्छ । बिहार सरकारले मलाई 'खतरनाक' सम्झेको छ र उसले मेरो तर्फबाट गरिइने हरेक प्रयत्नहरूलाई अस्वीकार गर्नेछ । उसले मलाई फेरि सम्झायो कि यदि ममाथि मुद्दा चलायो भने मैले कम्तीमा २० वर्ष जेलसजाय भोग्नुपर्छ । ब्रिटिश अधिकारीले बारम्बार यसो भनेका थिए कि अब अमलेन्दुलाई देख्न पाउनु भनेको व्यर्थको आशा हो । यस सम्बन्धमा सुपरिन्टेन्डेन्टले पनि भनेको थियो कि हामीहरूमध्ये कैयौंलाई प्राणदण्डको सजाय हुनसक्छ । तर, अबसम्म त मैले सम्झिइएको थिए कि यो भनाइको पछाडि मलाई डराउन दिने उद्देश्य लुकेको थियो । बिहारको मुख्य सचिवसँग भेटघाट भएको प्रसंग जानकारी गराउँदै ब्रिटिश वाणिज्य अधिकारीले बिदा लिए । यदि मैले कलकत्ता नै बस्ने कोसिस गरे भने मेरो जीवन खतरामा पर्नेछ । आज यही स्थिति छैन जो सन् १९७० मा थियो । नक्सलवादीहरूलाई अब तितरवितर पार्न सकिने छैन ।

यो एक प्रकारको धम्की थियो । तर, ममाथि यसको कत्ति पनि प्रभाव परेन । मलाई यो कुरामा शंका थियो कि कलकत्ताका मानिसहरूको मनमा मेराविरुद्ध केही उजुरी थियो होला । मैले सोचे कि भावुकतामा डुब्नु भन्दा मैले तर्क संगत हिसाबले मलाई राखिएको प्रस्तावमाथि विचार गरु । यो कुरा त आफैंमा प्रष्ट थियो कि भारत सरकारको हृदय अहिलेसम्म परिवर्तन भएको छैन । मलाई रिहा गरेर विदेशमा उसको प्रतिष्ठा आर्जन गर्न चाहन्थ्यो । साथै स्वदेशमा बिना मुद्दा नै राजनीतिक विरोधीहरूलाई वर्षौं थुनेर कैदखानामा राखेर सडाउन चाहन्थ्यो । म यस्तो निष्कर्षमा पुगे कि यदि यस्तै हो भने ममाथि राखिएको प्रस्तावलाई स्वीकार गर्नु मेरो हितमा छ । अब अरु बढी समयसम्म जेलमा बसिरहनुले कुनै पनि उद्देश्य पूरा हुने छैन । केही दिनपछि मलाई हाम्रो मुद्दासँग सम्बन्धितबाट एउटा एउटा पत्र आयो कि म स्वदेश फर्कन सहमत हुनु उत्तम छ किनकि यसलाई अस्वीकार गर्नुपर्ने उचित सर्तहरू छैनन् । मलाई खुसी लाग्यो कि कम्तीमा पनि उनले मलाई सल्लाह दिए । मैले यो चाहँदैनथे कि म यहाँबाट गएपछि मानिसहरूले भागेर गई भनी नसोचून् ।


दुई हप्ताभित्रै म एउटा निष्कर्षमा पुगे । र, मैले कलकत्तामा लेखेर पठाए कि प्रस्तावित कुराकानी अघि बढाइयोस् भनेर । म छिट्टै नै स्वदेश फर्केर जाने बारेमा जेल अकिारीहरूले गरेका पहिले पहिलेका आशंकाहरू अब लगभग समाप्त भएको थियो । लण्डनको मेरो घनिष्ट मित्रको पत्र पाएपछि मेरो अन्तर आत्मामा लण्डनको जनजीवनको बारेमा निकै नै उत्सुकता बढ्दै गइरहेको थियो । मैले मेरो आमाबाबासँग र विशेष गरी दिदीको बच्चालाई भेट्ने समयको निकै पर्खाइमा रहे । अर्कोतर्फ भारत छाड्ने विचारले पनि निकै खड्कन थाल्यो मभित्र । आफ्नो कोठरीको बाहिर उचो गरी बनाइएको माटोको घर, जसमा शरद् ऋतुको खुल्ला आकाशमा आराम गर्दथे, हजारीबागको स्वच्छ निलो आकाश नियाल्दाको समय, जेलको बाहिर चिहानघारीमाथि चिल अल्छी गर्दै उडेको देख्दाको समय, मनसुनको अधिक वर्षाले गर्दा अझैसम्म धर्तीबाट उठिरहेका जंगलको बासनाले भरिएको वातावरणमा मैले श्वास लिँदा निकै उदास हुने गर्दथे । यी यो देशमा बिताउनु पर्ने आखिरी दिनहरू थिए, जसलाई मैले जेलका भित्ताहरूको भित्रबाट माया गरेर बारम्बार हेर्दथ्यो । यस्तो सोच्दथे कि अब म अमलेन्दुसँग कहिल्यै भेट्न पाउने छैन । मैले उनको परिणामसँग भेट्ने व्यवहारिक योजना बनाए । सबै घटनाको बारेमा उनीहरूलाई सबिस्तार लेखैं । मलाई थाह थियो कि उनीहरूले यस स्थितिलाई बुझ्ने छन् ।

जेल बाहिर सिंगो भारत उथलपुथलकारी संघर्षले लपेटिएको थियो । त्यस साल शरद ऋतुमा आसाममा भाषालाई लिएर दंगा भएको थियो । पञ्जाबमा छात्रछात्राहरूले ठूलो परिमाणमा आन्दोलन गरेका थिए । साथै देशको अन्य भागहरूमा गडबढी भइरहेको समाचार आइरहेको थियो । एक दिन बिहार राज्य र विविधानसभाकी एक महिला सदस्यलाई जेलमा ल्याइयो । उनलाई हजारीबाग भन्दा ३० माइल दक्षिण रामगढमा धर्ना बसिरहेको बेला गिरफ्तार गरी ल्याइएको थियो । तथापि, उनी हामीहरूसँग एकदमै थोरै दिन बसिन् । उनको यो छोटो बसाइँ निकै नै ज्ञानबर्द्धक रह्यो । उनी रामगढ क्षेत्रबाट चुनिएकी थिइन् । उनीभन्दा पहिले उनको श्रीमानले यो क्षेत्रबाट चुनाव जितेका थिए, तर पनि उनलाई निर्वाचनपछिको केही दिनभित्रै हत्या गरिएको थियो । भारतीय कम्युनिस्ट पार्टीले त्यहाँबाट यी महिलालाई उम्मेदवार बनाउने निर्णय गऱ्यो । र, लोग्नेको हत्याको कारणले गर्दा जनताहरूले बदलाको भावनाको ज्वार उनीमाथि खनाएको थियो र विजयी बनाएको थियो । मैले उनीसँग राजनीतिक कुराकानी गर्न चाहन्थे । उनले मार्क्स ऐङ्लेल्स, लेनिनको नाम कहिल्यै पनि सुनेकी थिइनन् । मैले जब सरकारी कामकाजको बारेमा सोधे त्यसपछि उनले भनिन् कि उनले अंग्रेजी कम जान्दछिन् । कुराकानीको क्रममा उनले भनिन् उनी विधानसभाको कामकारबाहीको बारेमा कमै कुरा जान्दछिन् ।

मैले उनीसँग ती कैदीहरू जो बिना मुद्दा धेरै दिनपहिलेदेखि जेलमा राखिएका छन्, तीबारे तर्क गरे । साथसाथै मैले साथीहरूको कठिनाइहरूको बारेमा पनि जानकारी गराए । तथापि, उनले यी कुराहरूमा कम चासो देखाइन् कि यी कुरासँग उनको सरोकार नै छैन । उनलाई त अंग्रेजी तरिकाले खाना बनाउने र बुनाइको नमुनामा उनलाई ठूलो दिलचस्पी थियो । यसको अतिरिक्त जुन दिन उनी जेलमा आइन्, त्यसदिनबाट मुसलमानको उपवास (रोजा) को महिना रमजान सुरु भयो । म यो देखेर आश्चर्यमा परे कि उनी कम्युनिस्ट महिला बिहानदेखि साँझसम्म रोजा लिन्थिन् । उनलाई यो कत्ति पनि आभाष थिएन कि उनमा विचार र व्यवहार कति असंगतिपूर्ण छ भनेर ।

## कविता

### हात लाग्यो शून्य


● कृष्णसेन 'इच्छुक'

*बुढी आमाको गन्गन् झन्*
*बढेर गएको छ*
*बुढा बाबुबो रोगी देह अझ*
*जीर्णकार्य भएको छ*
*घरका डाँडाभाटाहरू मक्किसेर*
*गलेका छन्*
*घरकी चुहुने छानो झन्*
*तारामण्डल भएको छ*
*साँझ-बिहानले सधैं आपत्*
*बोकेर आउँछन्*
*स्पिाय भाइ सधैं मेरै मुख*
*ताक्छ*
*यो घर शान्तिको निकुञ्ज हो*
*या अशान्तिको थलो ?*
*म अघोर पीडाले झोक्रेर*
*चुपचाप सोचिरहेछु ।*

*वर्षदिनअघि*
*आमाका धमिला आँखामा पनि*
*सपनाको उज्यालो चहक थियो*
*बाबुको रूग्ण देहमा पनि*
*ताजा रक्तसञ्चार भएथ्यो*
*भाइ आशाको पुरानो तान*
*चलाएर*
*विश्वासको नयाँ सपना बुन्थ्यो*
*विपना तीतो थियो*
*तै पनि सपना मीठो थियो*
*झनै मीठो कल्पनाको यान*
*चलेर*
*घरले जेनतेल गुज्रान गरेकै*
*थियो*
*तर आज यो के यो ?*

*झोको कुकुर आकाशतिर*
*फर्केर रून्छ*
*नानीहरू चाचा र खाजा*
*भन्छन्*
*उदास घरले औडाहाको*
*सुस्केरा फाल्छ*
*जहानहरू बातैपिच्छे रिसको*
*नरसिङ्घा बजाउँछन्*

*मर्नु पनि गाह्रो*
*बाँच्नु पनि अप्ठ्यारो*
*जीवन सुखको मालसिरी गीत*
*हो*
*या दुःखको करूण चित्कार ?*
*म असीम वेदनामा अथवा*
*डुबिरहेछु*
*खोइ के फेरियो र आज*
*गाउँघरमा*
*गरिबीले ढाड कुप्रिएकै छ*
*महङ्गीले पहाड चुलिएकै छ*
*अभावको भङ्खारो गहिरिँदै*
*गएर*
*टुप्पी-टुप्पीसम्म मान्छे पुरिएकै*
*छ*
*न मन रून छाड्यो*
*न जीवन दुख्न छाड्यो*
*साहूले भाका नाघेको र पुरानो*
*तमसुक फेरे पनि*
*असामीका गलाहरू पहिलेझैं*
*रेटिएकै छ ।*

*घर हेर्छु घर रित्तै छ*
*देश हेर्छु देश रित्तै छ*
*कसरी भनूँ आमा, सधैंको*
*गन्गन् छोड्नुस्*
*कसरी भनूँ बुबा, एक खुराक*
*खाएर अलिकति तङ्ग्रनुस्*
*चारैतिर हेर्छु हात लाग्यो शून्य।*
*मेचीदेखि महाकालीसम्म जम्मै*
*उस्तै छ*
*यो नूतन परिवर्तन हो या*
*पाखण्डीपनको नर्तन ?*
*म छली इतिहाससित बारम्बार*
*सोधिरहेछु ।*

*(इच्छुक रचनावली भाग-२,*
*जनदीप ०५८)*

## यस्तो थियो...

स्थानीय स्तरमा गुण्डा र भिजिलान्तेहरू व्यापक मात्रामा परिचालन गर्ने काम गरी जनतालाई अझै असीम पीडामा धकेल्न थाले । विभिन्न षड्यन्त्रहरू भए, गाउँगाउँमा मान्छेहरू कुटिन थाले । कुखुरा काटेर रगतमा हात चोबाउने जस्ता एकदमै निर्मम, अप्रजातान्त्रिक र पासविक कामहरू अभियानका रूपमा लगिन थाले, रोल्पा, रुकुमजस्ता जिल्लाहरूमा ।

यसको विरुद्धमा प्रतिरोध सङ्घर्षमा आन्दोलनको केन्द्र त्यही ठाउँ नै बन्नु र पार्टीले आफ्नो ध्यान त्यहाँ केन्द्रित गर्नु स्वाभाविक थियो । ठीक यसै ठाउँमा केन्द्रित गऱ्यो रोमियो अपरेशन र त्यसको विरुद्धमा जनता अझैं सशक्त प्रतिरोधमा उत्रिए । किनकि उनीहरूको अत्याचारको सीमा नै थिएन । गाउँका गाउँ जलाउने, घरगोठ सबै जलाउने, महिलाहरूलाई सामूहिक बलात्कारपश्चात् योनीमा लाठी कोची यातना दिने, जनताका धनमाल लूट्ने, पैसा र गरगहना लैजाने आदि अत्यन्तै असैह्य र अमानुषिक घटनाहरू तीव्रतामा अघि बढाइए । जनमोर्चा भन्नेबित्तिकै झुठ्ठामुद्दा लगाउने, ज्यानकेश लगाउने काम तात्कालीन सरकारले गऱ्यो, जसको प्रतिरोधको विकल्प नै थिएन । हामी अब प्रचारात्मक मात्र होइन, कार्वाही कार्यान्वयनकै प्रक्रियामा अघि बढ्नु पर्नेभयो ।

**तयार भयो जनयुद्धको पृष्ठभूमि**

पार्टीले क्रान्तिकारी कार्यदिशा तय गरिसकेको र योजनाहरू तथा कार्यक्रमहरू बनिसकेको अवस्थामा अब देशको केन्द्रीय सत्ताद्वारा उपेक्षित र स्थानीय जाली फटाहद्वारा सताइएका क्षेत्रका जनताहरू सङ्गठित र सशक्त बन्ने वातावरण बन्यो । त्यो आक्रोश र निकासको खोजीको बेलामा पार्टीको यो परिपक्व निर्णय भोकालाई खीर साबित भयो । यसले नयाँ तरङ्ग र उभार ल्यायो । तर यसलाई बुझ्ने र मनन गर्ने भन्दा पनि काङ्ग्रेस एमाले पार्टीहरू माओवादीलाई घेराबन्दी गर्ने र संवैधानिक कामकार्यहरू समेत गर्न प्रतिबन्धित हुनेगरी झुठा मुद्दा र गिरफ्तारीको लागि पुर्जी थमाउन थाले । यसका साथै फौजी रूपमा तात्कालीन खुल्ला मोर्चा जनमोर्चामाथि समेत जाइलागे । आम धरपकड्, यातना र हत्याका घटनाहरू तीव्र भए । महिलाहरूमाथि बलात्कार र यातनाका अनगिन्ती श्रृङ्खलाहरू सुरु भए । अब जनताको लागि आत्मरक्षा र स्वाभिमानी रक्षाको लागि प्रतिरोध सङ्घर्ष बाहेक अर्को विकल्प नै बाँकी रहेन । आम जनतालाई समेत साँच्चै अब आफ्नै राज्यसत्ता स्थापना नगरेर हुँदैन भन्ने लागिसकेको थियो ।

**प्रारम्भमा सेनाको स्वरूप**

जनयुद्ध सुरुगर्ने निर्णय भयो । पार्टीले लडाकु दल, स्वयंसेवक दल र प्रचार दल खडा गरियो । सेनाको विकासको भ्रुणको रूपमा यी तीन दलहरू निर्माण गरिए । कामको प्रकृतिको हिसाबले प्रचार दलले आफ्नो निश्चित इलाकाहरूमा प्रचार गर्दथ्यो, स्वयंसेवक दलले गाउँघरमा जनताको र पार्टी तथा पार्टी कार्यक्रमको स्वंसवेकको काम गर्दथ्यो । लडाकू दलले फटाहाहरूबाट जनतामाथि हुने अत्याचार, कुटपिट, लूटपाट र हिंसाबाट बचाउने काम गर्दथ्यो ।

जनयुद्धको सुरुवात गर्दा लडाकू दलहरूले नै रोल्पाको होलेरी, रुकुमको आठबीसकोट, सिन्धुलीको सिन्धुलीगढीमाथि गरियो । यो सामन्तवादी सत्ताको मुख्य शक्तिमाथि भएको अभ्यास थियो । दलाल पुँजीपतिहरूमाथिको आक्रमण पेप्सीकोलामाथि भयो । स्थानीय फटाहाहरूमाथिको आक्रमण सामन्तवादका स्थानीय सत्तामाथिको आक्रमण थियो । यी प्रायः लडाकूदलले गरेको थियो । यसले अलि जोखिमपूर्ण कामहरूको जिम्मा लिने गर्दथ्यो ।

युद्धको सुरुआतसँगै हरेकका कामहरूमा बढोत्तरी भयो । लडाकु दलले सेनाको भूमिका निर्वाह गर्न थाल्यो । स्वयंसेवक दलले पूरै युद्धको लागि आवश्यक सरसामान जुटाउने र आवश्यक व्यवस्थापन गर्नेतिर लाग्यो । प्रचार दलले पूरै युद्धको प्रचारप्रसार गऱ्यो । हुन त त्यतिबेला परिस्थिति अनुरूप भूमिका फरकफरक हुने गर्दथ्यो । कुनै एउटा दलले प्रचार, व्यवस्थापन र लडाइ सबैमा भाग लिने गर्दथे । यी सबैको समायोजन सिङ्गो पार्टीले गर्दथ्यो । साथै सिङ्गो पार्टी यी तीनवटा दलहरूमा सम्मिलित हुन्थ्यो । दलहरू पार्टी र पार्टी नै दलहरूमा रूपान्तरण हुन्थ्यो । त्यतिबेला सङ्घर्षको रूप युद्ध र सङ्गठनको रूप सेना भन्ने नीति बन्यो ।

**दीर्घकालीन युद्ध विद्रोहात्मक सुरुआत**

जनयुद्ध शुरु गर्दा एक हप्ताभित्रै ५ देखि ७ हजार सम्म प्रचारात्मकदेखि एक्सनल कार्वाहीहरू गर्ने भन्ने थियो । जनयुद्धको सुरुआत विद्रोहात्मक थियो, यो नेपालको विशिष्टताअनुसार भएको विद्रोहको स्वरूप थियो र विश्वमा यस्तो कहीं पनि भएको पाइँदैन । जनयुद्ध उद्घाटनको समीक्षागर्दा हामीहरूले देशैभरि ६ हजार भन्दा बढी कार्वाहीहरू गरिएको थियो ।

तत्कालीन सरकारले यो विद्रोहलाई एकदमै सानो स्केलबाट बुझ्यो र ३ दिनमा सिध्याउने घोषणा गऱ्यो । पछि १ महिना, तीन महिनाहुँदै ६ महिनासम्मको पनि भाकारेखा राख्यो । हामीहरूले जनयुद्धपूर्व नै ४० सूत्रीय मागमा संविधानसभाको निर्वाचन, नयाँ संविधान निर्माणका कुराहरू उठाएका थियौं । त्यसलाई सरकारले पटक्कै सुनेन । जनयुद्धको सुरुआत गर्नुपर्ने स्थिति बन्यो ।

तात्कालीन सरकारले जनयुद्ध थालनीपूर्व नै रोमियो अपरेशन गर्ने बेला गाउँगाउँमा पुलिसहरू र तिनका पोष्टहरू खडा गरिसकेको थियो । जनयुद्धपश्चात् सरकारले उसको पासविक दमन अभियानलाई यसरी बढायो कि त्यसको सीमारेखा नै रहेन ।

**बर्बरताभित्र फूले रक्तकमल**

तुरुन्त सामूहिक हत्यामा उभिएर फासीवादी चरित्र ग्रहण गरिहाल्यो । गोरखामा दिलबहादुर रम्तेलको हत्याबाट सुरु गरिएको त्यो दमन अभियान रुकुम मेलगैरीका ६ जना खत्री बन्धुहरूको एकाघरमा भएको हत्याहुँदै देशव्यापी बनाउँदै लग्यो । मिरुलमा आएर सामूहिक हत्या गऱ्यो- कुमारी बुढाको आँखा निकालेर छाती चिरेर ज्युँदै आगोमा जलायो । मूलमान, त्यतिबेला लडाकू दलका सक्रिय सदस्यलाई सुराकीहरूको सहयोगमा हत्या गर्न सफल भए ।

त्यतिबेला धेरै ठूलो आतङ्कले छायो, नयाँखाले प्रतिरोधको आवश्यकता पऱ्यो । व्यवस्थित प्रतिरोधको आवश्यकता पऱ्यो । त्यसैले लडाकु दलको गुण र फर्मेशनमा बढोत्तरीको आवश्यकता खड्कियो । त्यतिबेला हामीहरूले अब छापामार स्क्वायडहरू गठन गरेर व्यवस्थित रूपमा छापामार युद्धको थालनी गर्नुपर्छ भन्ने निष्कर्षमा पुग्यौं । हामीहरूले ७ देखि ९ जनासम्म र कतै कतै ११ जनासम्मको छापामार स्क्वायडहरू गठन गऱ्यौं । हामीले व्यवस्थित ढङ्गले छापामार प्रतिरोध कार्वाहीहरू सञ्चालन गऱ्यौं । त्यतिबेलासम्म व्यापक मात्रामा सीआइडी, सुराकी र गुण्डाहरू परिचालन गरिरहेको थियो । सीआइडी, सुराकीहरूले खबर दिने र गुण्डाहरू आफैले हत्या गर्ने अभियान नै चलाएका थिए । कतिपय ठाउँहरूमा उनीहरूले जनतालाई छोपेर पुलिस थानामा बुझाउने र पुलिसहरूले हत्यागर्ने गरे । तर प्रतिरोधको सिलसिला जारी नै रह्यो र युद्धले उचाइ ग्रहण गर्दै अघि बढिरह्यो ।

## सम्भव छ...

वा संभव होला ? मान्छे त ल्याउन सकिएला, भेंडाबाखा, चौरीगाई, बुकी चरन, इन्धन, पानी, घाँसदाउरा आदिलाई के गर्ने ? व्यंग्यात्मक रूपमा भन्ने हो भने शायद काठमाडौंको कोठाहरूमा बसेको मानसिकताले सिंहदरवार देखे झैं यही सिंहदरवारको सपना दिउँसै गाउँगाउँमा देख्न थालेको त होइन ? यो कुरा सोचनीय छ । सिंहदरवार आन्तरिक रूपमा जहाँनियाँ, एकतन्त्रीय, भ्रष्ट, कमिसनखोरी, दलाल र माफियाहरूको केन्द्र हो भने भौतिक रूपमा पुरानो राणाकालिन भव्य राजमहल ! यो प्रतिकात्मकता बोकेको सिंहदरवारको कालो छायाँ कतै कर्णालीमथि पर्न थालेको त होइन ?

तर त्यहाँका जनताले सधैं काठमाडौंको सिंहदरवारमा बसेर कर्णलीका नीति योजना र कार्यक्रमहरू बने/बनाइएकाले कर्णाली पछि परेको यथार्थतालाई औल्याइरहेका छन् । आज कर्णाली प्रदेश बनेर पनि त्यहाँको प्रदेश सरकारमा रहेकाहरूले त्यसको राजधानीमा बसेर काठमाडौंमा रहेको सिंहदरवारको प्रतिछायाँका रूपमा नीति, योजना र कार्यक्रमहरू बनाए भने त्यो ठूलो दुर्भाग्य हुन जाने छ, कर्णालीवासीका लागि ।

त्यसैले, कर्णालीको साँच्चै विकास गर्न अविकार मनले यदि सोचिएको हो भने आयातित होइन, तिम्रो आफ्नै माटो, मन, वचन, परिवार, जीवनशैली, सोच र विशिष्टताहरूलाई पछ्याऊ र त्यहीकै विशिष्टतामा संबोधन गर । गाउँ सभ्य, भव्य, सुसंस्कृत, विकसित र सेवासुविधासम्पन्न तथा आधुनिक बनाउनतिर लाग । पर्यटनको विकास र पहुँचका साथै जनताको भलो पनि यसैमा छ । तिमी लगायत कर्णाली वासीको भलो पनि ! कर्णाली विकासका लागि वस्ती विकास जस्ता पश्चिमा र पुँजीवादी अन्ध नक्कल जरुरी छैन ।

## संसदीय...

बैठकले उपसमितिले बुझाएको प्रतिवेदन पुनर्लेखन गरेको छ ।

पुनर्लेखन अनुसार वाइड बडी विमान खरिद प्रक्रियामा 'बदनियत देखिएकोले कारबाहीको माग' गरिएका संस्कृति पर्यटन तथा नागरिक उड्ययन मन्त्री रवीन्द्र अधिकारीलाई 'नैतिक जिम्मेवार' ठहऱ्याएको दर्ज गरिएको छ । त्यसै गरी उपसमितिले तयार पारेको प्रतिवेदनमा पूर्वमन्त्रीहरू जीवनबहादुर शाही र जीतेन्द्र देवलाई 'नैतिक जिम्मेवार' भनिएकोमा उनीहरूलाई सफाइ दिइएको छ ।

पुनर्लेखनमा लेखाको उपसमितिले अनियमिततामा संलग्न भएको भनिएका गृह सचिव प्रेमकुमार राईको नाम चट्ट काटेर हटाएको छ ।

## सुपर...

कार्यक्रमहरू केही पनि ल्याएन । सरकार निर्माण हुनेबित्तिकै नेपालको पूर्वदेखि पश्चिमसम्मको १० हजार वर्गकिलोमिटर सीमाको भारतीयले अतिक्रमित गरेको भूभाग भारतलाई दियो । अहिले भारतनिर्मित नक्कली झण्डा र नक्कली निशान छाप यसले प्रयोग गरिरहेको छ । नेपालको १ लाख ४७ हजार १ शय ८१ वर्ग किमि भूभागबाट १० हजार वर्ग किमि घटाएर अहिले १ लाख ३७ हजार वर्गकिलोमिटर मात्र नेपालमा देखाइएको छ ।

तेस्रो कुरा, ओलीका रेल र पानीजहाजका कुरा दलाल कुराहरू हुन् । रेल चीनको आउला, नेपालको होइन, रेल दक्षिणबाट भारतको आउला, नेपालको होइन । नेपाल आफैले रेल बनाउने कुरा ओलीले कहिल्यै गरेका छैनन् । उनले नेपाली भूमिमा विदेशीहरूका मुनाफाका लागि हुइँकिने रेलका कुरामात्र गरेका छन् । नेपालमा पानीजहाज कसका चल्लान् ? कि चीनका कि त भारतका । खोई त ओलीको पानी जहाज ? कहाँ बनाइँदै छ नेपालको पानी जहाज ? कति इञ्जिनियर, कति बजेट, कुन ठाउँ लक्षित गरेर बनाइएको छ वा बनाउँदै गरिएको छ ? यो सबै दलाल सोंचको हावा र हुइँयूया मात्र हो ।

देश निकै अस्तव्यस्ततामा चलेको छ । सामाजिक सुरक्षा कतै पनि छैन । कञ्चनपुरकी निर्मला तथा अन्य महिलाको बलात्कार र हत्या सरकारले नै गापचूप पारेर सिध्याउँछ । निर्दोष जनताका छोराछोरीहरूलाई कबोल गर्न लगाउँछ । झुट्ठा केस सिर्जना गर्छ । गृह तथा प्रहरीका छानबिन आयोगहरू सबै कुहिरोमा हराउँछन् । सरकारले अपराधी र अपराधको संरक्षण गर्छ ।

सरकारले जंगल फँडानीका कार्यक्रमहरू ल्याउँछ । काठ तस्करहरू मालामाल हुन्छन् । ओली सरकार र यसको सरकारी पार्टी नेकपाले मोटो कमिसन हसुर्छ । देश मरुभूमिमा परिणत हुँदै जान्छ । नदी बेच्ने र विजुली बेच्ने कार्यक्रमहरू ल्याउँछ । जलमाफियाहरूबाट मोटो कमिसन खान्छ सरकारले । जनता अन्धकारमा जीउन बाध्य छन् ।

शैक्षिक माफियाहरूले देशको शिक्षा बेचेर खान्छन् । सरकारले संविधानमा शिक्षालाई मौलिक अधिकारका रूपमा व्याख्या गर्छ । त्यो त संविधानमा पो लेखियो, व्यवहारमा मेडिकल कलेजहरू बेचेर मेडिकल माफियाहरूबाट मोटो कमिसन लिन्छ ओली सरकारले । अनि डा. गोविन्द केसी एकलै भए पनि आमरण अनसन बस्न कहिले पूर्व त कहिले पश्चिम नेपाल जान्छन् । जनचेतनाका कुरा गर्छन् र प्रदेशहरूमा मेडिकल कलेजहरू खोल्ने माग गर्दछन् । तर सिंहदरवारमा सरकार आफै माफियाकरण भएको छ ।

भर्खरै मात्र देशका भूमिहरू खण्डीकृत गर्ने र सहरी विकासका नाममा उपयोग गर्ने निर्णय गरेको छ । भूमाफियासँग मिलेर ठूलो कमिसन र कालो सम्पत्ति आर्जनका लागि ओली सरकारले जमिन खण्डीकरण गर्ने र ऐलानी जग्गा पनि खण्डीकरण गर्न पाउने निर्णय मन्त्री परिषद्को बैठकबाट पारित गरेको छ । यसले अब सारा वनजंगल फडानीको अभियान देशव्यापी रूपमा चलाउँदै छ ।

## अनेकिसंघ...

सिंजाली (गुल्मी), भोजबहादुर मश्राङ्गी (पाल्पा), ऋषिराम लामिछाने (रूपन्देही), अनन्त भण्डारी (बाँके), प्रेम सोमाई (प्युठान), गोपाल ओली (रोल्पा), गुणनिधि पोखरेल (परासी) रहेका छन् । निर्मित २१ सदस्यीय आयोजक समितिमा २ जना पछि थप गरिने बताइएको छ ।

भेलामा अखिल नेपाल किसान संघ (क्रान्तिकारी) का केन्द्रीय अध्यक्ष भूमिश्वर कँडेल, नेकपा (क्रान्तिकारी माओवादी) ५ नम्बर प्रदेशका सचिव क. प्रमोद, फ्र्याक्सन इन्चार्ज क. जीवराज शर्मा र सीसीएम् क. शिशिरको विशेष उपस्थिति थियो ।

## अखिल नेपाल...

दण्ड पुलामी (गुल्मी) रहेका छन् । संयोजक भुजेल र सहसंयोजक बञ्जाडे क्रमशः रूपन्देही र दाङ का हुन् ।

समिति गठन भएलगत्तै यसले संघर्षका कार्यक्रमहरू पनि सार्वजनिक गरेको छ । जसअनुसार सांठनिक रूपमा फागुनको अन्तिम हप्तामा वृहद् प्रदेश भेला गरिने बताइएको छ । यसका लागि माघ महिनाभरको पूरै समय संगठन निर्माण र विस्तारका लागि खर्च गरिने छ । फागुन र चैत्रमा पार्टी संगठनले अघि सारेका संघर्षका कार्यक्रमहरूममा सहभागी हुने निर्णय पनि गरिएको बताइएको छ । यसका साथै संगठनले आफ्नो केही मौलिक कार्यक्रमहरू पनि तय गरिएको बताइएको छ । जसमा, मजदुरविरोधी सहकारी र व्यवसायीहरूका विरुद्ध केही अभियान लैजाने पनि बताइएको छ ।

कार्यक्रममा उपस्थित अतिथिहरूमा अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय संयोजक ईश्वर तिमिल्सिना, नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय समिति सदस्य क. समीर र अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय सचिवालय सदस्य दिनेश बर्तौला रहेको जनाइएको छ ।

## भ्रष्टाचारविरुद्ध...

भएको कुरामा जोड दिएका थिए । उनले अधिकार मागेर वा थापेर नपाइने भएकाले लडेर लिनुपर्ने कुरामा जोड दिंदै राष्ट्रियता तथा राष्ट्रिय स्वाभिमानका साथै जनताको जनजीविकाका लागि आमजनता फेरि एकजुट हुनु पर्ने आवश्यकता भएको कुरामा जोड दिएका थिए । शर्माले वर्तमान सरकार वामपन्थीका नाममा दलाल, तस्कर, विचौलिया, माफिया तथा भ्रष्टाचारीहरू जम्मा भएर जनतामाथि भ्रम छरी देश र जनतालाई शोषण र दोहन गरिरहेको कुरासमेत् खुलस्त गरेका थिए ।

विरोध ऱ्यालीलाई संबोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी) का केन्द्रीय समिति तथा काठमाडौं जिल्ला सेक्रेटरी क. सरुले निर्वाचित सरकारको आवरणमा भ्रष्ट, सुनतस्कर तथा माफियाहरूले जनतालाई भ्रममा पारिरहेको, सरकारी उच्च ओहदामा रहेका बहालवाला मन्त्री तथा सचिवहरू खुलेआम भ्रष्टाचारमा संलग्न रहेको अवस्थामा संघर्षको विकल्प नरहेको कुरामा जोड दिएकी थिइन् । सरुले जनताका छोराछारीहरू यो देशमा भविष्य नदेखेर खाडी मुलुकहरूमा जीवनमरणको संघर्ष गरिरहेका बेला खर्बौको भ्रष्टाचार गरेर भ्रष्टाचारीहरूले सुरक्षाकर्मीहरूको घेराभित्र टाउको लुकाउने दुस्प्रयत्न गरिरहेका बताइन् । उनको जोड थियो- त्यस्ता अनैतिक, जनविरोधी देशलाई खोक्रो पार्ने धमिराहरूलाई कारवाही गर्ने देशका युवाहरूलाई सुरक्षाकर्मी भन्नेहरूले साथ दिने कि उल्टै धरपकड गर्ने र थुनामा राख्ने ? उनले थप जोड दिएर भनिन्- आउनुहोस् सबै मिलेर भ्रष्टाचारीहरूलाई सामाजिक बहिस्कार गरौं ।

ऱ्यालीलाई संबोधन गर्दै (क्रान्तिकारी माओवादी) का केन्द्रीय सदस्य तथा ललितपुर जिल्ला इन्चार्ज हरिकृष्ण गजुरेलले सुरेश तामाङलाई उनकै घरबाट समातेर प्रहरीले नागरिक अधिकारको ठाडै उल्लंघन गरेको बताउँदै देश दलाल र भ्रष्टहरूले सिध्याउँदै गर्दा प्रहरी त्यसको साधक हुन नहुने कुरामा जोड दिएका थिए । यदि प्रहरी ती भ्रष्टहरूको रक्षक र जनताका भक्षक हुने हो भने आफूहरू जीवनमरणका संघर्षमा उत्रने र भ्रष्टाचारीहरूलाई ठेगान लगाएर छोडिने बताएका थिए । अधिकार खोसेर आउने कुरा हो भन्दै गजुरेलले भ्रष्टाचार विरोधी यो अभियानले देशव्यापी आकार ग्रहण गर्ने कुरामा जोड दिए । यदि देश र जनताका लागि प्रहरी उभिएका छन् भने उनीहरूले भ्रष्टाचार र भ्रष्टाचारीविरुद्धको यो अभियानमा उनीहरूले क्रान्तिकारीहरूसँग हातेमालो गर्न र व्यवधान सिर्जना नगर्न समेत् अपिल गरेका थिए ।

ऱ्यालीलाई सम्बोधन गर्दै भक्तपुर जिल्लाका जिल्ला इन्चार्ज भरत बुर्जामगरले यो देश भ्रष्ट र माफियाहरूको चंगुलबाट मुक्त गर्ने हो भने न्यायप्रेमी जनससमुदाय एक ठाउँमा आउनैपर्ने र भ्रष्ट तथा भ्रष्टाचारी विरुद्ध संघर्षको उठान गर्नैपर्ने कुरामा अवस्था सिर्जना भएको कुरामा जोड दिएका थिए । उनले यो देश फिजीकरण, भुटानीकरणहुँदै सिक्किमीकरण हुन लागेकाले राष्ट्रिय स्वाधीनताका लागि पनि नेपाली स्वाभिमानी जनताहरू एकजुट हुनुपर्ने कुरामा जोड दिएका थिए । यी सबै समस्याको समाधानका लागि आमूल परिवर्तनकारी संघर्षको विकल्प नभएको कुरामा पनि उनको जोड रहेको थियो ।

कार्यक्रमका सञ्चालक काठमाडौं जिल्ला इन्चार्ज क. सुरेशले भ्रष्ट र भ्रष्टाचारीविरुद्धको अभियान सुरुभएको बताउँदै क्रान्तिकारी युवा लिगका सचिवालय सदस्य सुरेश तामाङलाई प्रहरीले थानकोटस्थित तामाङकै घरबाट गिरफ्तार गरेको बताएका थिए । भ्रष्टाचारीहरूलाई एकपछि अर्को गरी कालोमासो दल्दै र कार्वाही गर्दै जाने अभियानमा आफूहरू रहेको र कुनै पनि कुरा लुकाएर नगर्ने र घोषणा गरेरै गरिने कुरामा जोड दिए । उनले आफूहरू अब भ्रष्ट मन्त्री रविन्द्र अधिकारी लगायताकाविरुद्ध कालो झण्डा प्रदर्शनका साथै कालो मोसो दलिने कुरा पनि बताए । सुरेशले थपे- हामी नागरिक युवाहरू विना बर्दीका सिपाहीहरू हौं भने प्रहरीहरू बदीधारी नागरिक हुन्, उनीहरूले भ्रष्ट र भ्रष्टाचारीहरूमाथि कारबाही गर्न हिच्किचाउँछन भने आफू विना बर्दीका प्रहरीहरूले ती भ्रष्टाचार ीरुलाई कारबाही गरेरै छाड्ने कुरामा जोड दिएका थिए ।

विरोध ऱ्याली रत्नपार्कस्थित शान्ति बाटिकाबाट सुरु भएर शहीदगेट, न्युरोडहुँदै इन्द्रचोकमा गएर कोण सभामा परिणत भएको थियो । ऱ्यालीमा बाइडबडी प्रकरणका भ्रष्टाचारीहरूलाई- कारबाही गर, कमरेड सुरेश तामाङलाई- अविलम्ब रिहाई गर, नेकपा (क्रान्तिकारी माओवादी)- जिन्दावाद !, क्रान्तिकारी युवा लिग- जिन्दावाद ! भ्रष्ट सरकार- राजीनामा दे ! भ्रष्टाचारीलाई- कारबाही गरौं ! भारतीय विस्तारवाद- मूर्दावाद ! आदि नाराहरू लगाइएका थिए । विरोध ऱ्यालीको कोणसभामा देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका केन्द्रीय सचिवालयका सदस्य तथा ३ नम्बर प्रदेशका संयोजक पवनमान श्रेष्ठको पनि विशेष उपस्थिति थियो ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**मितेरी यातायात एण्ड अटो प्रा.लि.**

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-५२२५२८१
पुष्प- ९८५१०४३३२८, ९८०८४६११०६
बिक्की शर्मा गुरागाँई- ९८५११९५८८९
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी- ९८५२०६०२५४
फोन नं. : ०२६-४६०२५४

कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

**रोयल बुईपा A/C जम्बो हाईस**



गाईघाट–लहान–खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का – ९८४२८३७७९३
– ९८१७७१९६९७
ईन्द्र कट्टेल – ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५–४२१६४३
पुरुषोत्तम खनाल – ९८५२८३५६९०
– ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

यहाँ काठमाडौंबाट सिन्धुली, बर्दियावास, ढल्के, जनकपुर, जलेश्वर, लालबन्दी, बयलवास, रामेछाप, मन्थली, च्यास्कु, भालुथोक, घुर्मी, बेतिनी, कटारी, गाईघाट, जयराम, हलेसी, दिक्तेल, मानेभञ्जाङ, ओखलढुंगा, सोलु, सल्लेरी, भीमान, मरिन, डकाहासम्मको टिकट पाइन्छ ।

**टाटासुमो बोलेरो**

(रिजर्भ चाहिएमा)

| | |
|---|---|
| ०४७–५२११६९ | सिन्धुली |
| ९८४१०१६०४९ | ढकाल बाजे |
| ९८६०१०२७३८ | विश्व |
| ९८४४२५२३८५ | सानोभाई |
| ९८४११०६९६७ | संजीव |
| ९८४५७८४३०७ | प्रदीप |
| ०१–५१००४९४ | कोटेश्वर |
| ९८४४००८४०० | लाल बहादुर |

रिजर्भ चाहिएमा सम्पर्क
सानोभाई फलफूल एण्ड जुस भण्डार
सिन्धुली जुनार भवन ९८४४२५२३८५, ९८४४०७६२६१, ९८३९२८४३०

## आलोपालो

# संभव छ कर्णालीमा एकीकृत बस्ती विकास ?

● सुमन केसी

कर्णाली प्रदेशले यसको रणनीतिक विकासका कार्यक्रम अन्तर्गत ' कर्णाली एकीकृत विकास' कार्यक्रमलाई अघि सारेको छ । झट्ट हेर्दा वस्ती विकाससम्बन्धी यो कार्यक्रम निकै कर्णप्रिय र लोकप्रिय देखिन सक्छ पनि । तर यो निकै कठीन र असंभव पनि हुन सक्छ । यसका धेरै कारणहरू छन् ।

**काल्पनिक वा यथार्थता ?**

सरकारले सबै सेवा दिने, आधारभूत आवश्यकताहरू पूरा गरिदिने त कागजी लिखत र प्रतिवद्धताका कुराहरू मात्र हुन् । सरकारले दिने भनेको मानव निर्मित कुराहरू हुन् । संघीय सहरी विकास मन्त्रालयका कुरा निकै हावारी र बकम्फुसे मात्र छन् । सहर वा बस्ती पनि पनि आफैले बसाउने र आधारभूत आवश्यकता र सेवा पनि आफैले पुऱ्याउने जस्ता सरकारी कुरा आफैमा जति हास्यास्पद छन्, त्यति नै उडन्ते र काल्पनिक पनि छन् । यस्ता कल्पना अल्पज्ञानीहरूले गर्ने गर्दछन् । कार्लमार्क्स भन्दा पहिले चार्ल्स फुरेह, रोवर्ट ओवेन आदिहरूले त वस्ती बसाएर यो असफल अभ्यास पनि गरेका थिए ।

मानव निर्मित सेवाहरू, अझ त्यसमा पनि विदेशबाट खरिद गरिएका, ऋण, अनुदान वा उधारोमा लिइएका, सेवालाई विदेशबाट भीख मागेर चले/चलाइएको सरकार अझ त्यो पनि तीनतीनतहमा निर्मितले कसरी दिन संभव छ ? यो मनगढन्ते र आत्मरतीका लागि त हुन सक्छ, तर यथार्थमा असंभव पनि ।

**के गर्न खोजिएको होला ?**

एकीकृत वस्ती विकासको आवरणमा हुन वा गरिन लागेको कुरा यसो भने हुन सक्छ । पहिलो, सरकारले के के न गर्न थालेको छ भनेर असन्तुष्ट जनतालाई केही समय भोको पेट भ्रमपूर्ण सपना देख्न लगाउने । दोस्रो, कर असुलीको प्रक्रियालाई वस्ती विकासका नाममा तीब्रता दिने । तेस्रो, विदेशी ऋणदाता र अनुदानदाताहरूलाई आकर्षित गर्ने र सीमा बाहिर रहेको सरकारी खर्चको जोहो गर्ने । चौथो, वस्ती विकासका नाममा छनौट गरिएको जग्गा भूमाफियासँग मिलेर बेची चुनावी खर्च उठाउने । पाँचौं, भौतिक संरचना निर्माणका सारा सामग्री ल्याउन र निर्माण गर्न आफ्ना मान्छेहरूलाई ठेक्का दिएर पैसा कमाउने । छैठौं, घना जंगल भएका ठाउँहरूमा वस्ती विकासका कार्यक्रमहरू बनाएर रुख कटान गरी काठ तस्करी गर्ने । सातौं, हरेक स्थानीय जनप्रतिनिधिहरूले आफ्ना नाममा भित्र्याएका डोजर, एक्स्क्याभेटर र ट्र्याक्टर काममा लगाएर पैसा आफ्नो खल्तीमा पार्ने । यस अतिरिक्त बढाइचढाइ गरेर बिल पेश गरी/गराई पैसा कमाउने हुन सक्छ ।

**त्यसो भए के गरे हुने थियो ?**

कर्णालीलाई त्यहाँको परम्परागत रूपमा वस्तीको विकास जसरी भएर आएको छ, त्यसमा सेवा पुऱ्याउनु सबैभन्दा रणनीतिक, दूरदर्शी र जनसेवी कार्य हुन जाने छ । यो आफैमा प्रकृतिमैत्री र जनमैत्री पनि हुने छ । बस्ती विकास भनेको घर ठड्याउने र भाडामा दिएर भाडा असुल्ने मात्र होइन । त्यसलाई वस्ती विकास पनि भनिदैन । नयाँ बनाइएका मात्र वस्ती हुने र बस्तीका नाममा गणना गरिने तर पुराना बस्दै आएका गाउँघरहरू के हुन् त ? गाउँघरलाई हामीले वस्ती भनेर स्वीकार गर्छौं र सरकारमा बसेका र कर्मचारी बनेकाहरूका पनि ती गाउँहरूमा यदि घरजहान छन् भने सेवा त ती वस्तीहरूमा पो पुऱ्याउनु पर्ला त, होइन र ? घर त भाडामा दिएर मानिसको संख्या वा टाउका गनेर बसाल्न सकिएला पनि । यसका साथै उनीहरूका जीवनयापनका कुरा के गरी हल गरिएला त ?

प्राकृतिक स्रोत साधनमा बाँचेको हाम्रो जस्तो जीविकोपार्जनमुखी जनजीवन रातारात कसरी वस्ती विकास, त्यो पनि कागजमा परिकल्पना गरेर यथार्थताबाट टाढा रही कोरिएको, मा फेरिन सक्ला, ...बाँकी ७ पेजमा




## पार्टी एकता...

हुन्छ, तर यसमा विचारको भूमिका प्रमुख रहन्छ । त्यसै भएर माओले "वैचारिक तथा राजनीतिक कार्यदिशा सही वा गलत हुनुले सबै कुराको निर्धारण गर्दछ" भन्नु भएको हो ।

पार्टी एकता मुख्यतः वैचारिक तथा राजनीतिक विषयमा हुने एकता हो । विचार तथा राजनीतिमा एकता भएपछि मात्र सङ्गठनात्मक एकताको बाटो खुल्दछ । विचार र राजनीतिमा एकता भइसकेपछि पनि सङ्गठनात्मक एकतालाई अल्झाइराख्नु क्रान्तिको हितमा हुँदैन । फेरि पहिले सङ्गठनात्मक एकता गरिहालौँ र पछि विचार तथा राजनीतिमा छलफल गर्दै जाउँला भन्नु उल्टो कुरा हो । यो पार्टी एकता गर्ने मालेमावादी तरिका होइन । पहिले वैचारिक तथा राजनीतिक विषयमा रहेका अन्तरलाई समाधान गर्नु पर्दछ र त्यसपछि मात्र सङ्गठनात्मक एकताको ढोका खुल्दछ । पार्टी एकताबारे मालेमावादी दृष्टिकोण यही हो ।

तात्कालीन नेकपा-माओवादी भित्रको दुई-लाइन सङ्घर्षको प्रक्रियादेखि नै पार्टीमा कमरेड विप्लवले कतिपय विषयमा भिन्नमत राख्दै आएको कुरा प्रायः सबैलाई थाहा छ । ती सबै विषयहरू असान्दर्भिक र गलत थिएनन् । अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिस्थितिमा देखा परेका कतिपय परिवर्तनलाई सम्बोधन गर्नेगरी कार्यदिशाको विकास गर्नु आवश्यक थियो र पार्टीले त्यसलाई उच्च प्राथमिकतामा राखेको पनि थियो । उनले आफ्नो विचारलाई सूत्रवद्ध गरी लिखित दस्तावेज पार्टीमा दर्ता पनि गरेका थिए । तर आश्चर्य, उनी आफैले उठाएका विषय माथि छलफल गर्न आयोजना गरिएको विस्तारित बैठकमा बहस नै नगरी पार्टीलाई एउटा छोडपत्र बुझाएर पार्टी फुटको घोषणा गर्न पुगे । यो विगतको एउटा तितो यथार्थ हो ।

कमरेड विप्लवले नेतृत्व गरेको पार्टी पहिले नेकपा माओवादी र अहिले नेकपाले यो बीचमा वैचारिक तथा राजनीतिक विषयमा थुप्रै नयाँ कुराहरू अगाडि सारेको छ । कतिपय सन्दर्भमा नेकपाले मार्क्सवादका आधारभूत कुरालाई गलत ढङ्गले प्रस्तुत गरेर त्यसैलाई मार्क्सवादको विकास हो समेत भन्ने गरेको छ । यतिसम्म कि आफ्नो पार्टीको प्रकाशन जनक्रान्तिको "एकीकृत जनक्रान्ति : कार्यदिशा संश्लेषण बारे" शीर्षकको लेखमा कमरेड विप्लवले "आजको विश्वको समाधान १७७ वर्ष पहिलेका मार्क्सको संश्लेषण, १०० वर्ष पहिलेका लेनिनको संश्लेषण र ६५ वर्ष पहिलेका माओको संश्लेषणबाट मात्र खोज्न थालियो भने वाष्प ईञ्जिनमा हवाईजहाज फिट गर्न खोजेको जस्तो हुन्छ" भनेका छन् । यसको स्पष्ट अर्थ हो मार्क्सवाद-लेनिनवाद-माओवाद अब पुरानो भैसकेको छ, त्यसकारण अब हुने सर्वहारा क्रान्तिलाई यसले वैचारिक मार्गदर्शन गर्न सक्दैन । यो एउटा गंभीर वैचारिक विचलन हो ।

यति मात्र होइन, नेकपाका अन्य कतिपय विश्लेषणहरू पनि निकै गंभीर प्रकृतिका रहेका छन् । कम्युनिस्ट पार्टी अन्य भौतिक पदार्थ जस्तो विपरीतहरूको एकत्व होइन र पार्टीमा दुईलाइन संघर्ष हुँदैन भन्ने उनीहरूको बुझाइ रहेको छ । यो मालेमावाद होइन । यसका अतिरिक्त नेकपाले उत्तर साम्राज्यवाद, दलाल सत्ता, जनयुद्धको प्रक्रिया र राजतन्त्रको अन्त्यपछि नेपाल अर्ध-सामन्ती नरहेको भन्ने प्रश्न, अबको क्रान्ति नयाँ जनवाद हुन सक्दैन भन्ने विषय, एकीकृत जनक्रान्ति लगायतका थुप्रै नयाँ राजनीतिक पदावलीहरू प्रयोगमा ल्याएको छ । कुनै पनि पदावलीले स्पष्ट सार र अर्थ बोकेका हुन्छन् र ती पदावली प्रयोग गर्दा तिनको रूप र सारका बीचमा कुनै अन्तरविरोध पैदा हुनु हुँदैन । साथै तिनको सार र रूपमा पार्टीभित्र सबैको बुझाइ एउटै हुनु पर्दछ । उपरोक्त विषय लगायत क्रान्तिका रणनीति, कार्यनीति तथा योजनामा पनि हाम्रो पार्टी र नेकपाका बीच थुप्रै विषयमा मतभिन्नता कायमै रहेका छन् । पार्टी एकताको कुरा गर्दा सबैभन्दा पहिले सम्बन्धित पार्टीहरूका बीचमा सैद्धान्तिक तथा राजनीतिक विषयमा आधारभूत एकता भएको कुरालाई सुनिश्चित गर्नु पर्दछ र त्यसपछि मात्र सङ्गठनात्मक एकताको प्रश्न अगाडि आउँछ ।

यो लेख नेकपासँग वैचारिक बहस गर्ने उद्देश्य राखेर तयार पार्न खोजिएको होइन । यहाँ यो मात्र भन्न खोजिएको हो कि हाम्रो पार्टी र नेकपाका बीचमा यस्ता थुप्रै सैद्धान्तिक विषयहरू छन्, जुन विचार र राजनीतिका दृष्टिले निकै फरक देखिन्छन् । तर अझै पनि हामीलाई लाग्छ ती अन्तरहरू मैत्रीपूर्ण तरीकाले समाधान गर्न नसकिने प्रकृतिका छैनन् । गहन बहसको प्रक्रियाद्वारा दुबै पार्टीको बुझाईलाई अझ माथि उठाएर एकता-संघर्ष-रूपान्तरणको मालेमावादी पद्धतिद्वारा उच्चस्तरको वैचारिक एकता हासिल गरेर नेपाली क्रान्तिका अहिलेका सबै चुनौतीको सामना गर्न सक्षम एउटा क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण गर्न पार्टी एकता गर्नु पर्दछ भन्ने बुझाइअनुसार नै हाम्रो पार्टीले एकताको प्रसङ्गलाई अगाडि बढाएको हो । तर, हामी के कुरामा एकदम स्पष्ट छौं भने वैचारिक एकता विनाको सङ्गठनात्मक एकता अन्ततः संझौता हुन जान्छ र त्यस्तो एकताले पार्टी र क्रान्तिलाई अगाडि बढाउन सक्दैन । यो कुरा हाम्रो पार्टीका लागि मात्र होइन, सबै क्रान्तिकारी कम्युनिस्ट पार्टीका लागि पनि त्यत्तिकै सत्य हो ।

उपरोक्त वैचारिक वुझाइका आधारमा हाम्रो पार्टीले पार्टी एकताको विषय अगाडि सारेको थियो । यस बीचमा पार्टी एकताकै एजेण्डा राखी महासचिव कमरेड किरण र नेकपाका महासचिव कमरेड विप्लवका बीचमा धेरै पटक संयुक्त बैठक सम्पन्न भएका छन् । ती सबै बैठकको निष्कर्ष पार्टी एकता गरेर अगाडि बढ्नु पर्छ भन्ने हुन्थ्यो । त्यो स्थितिमा हाम्रो पार्टीले नेकपासँग दुवै पार्टीका तर्फबाट एक-एकवटा उच्चस्तरीय केन्द्रीय वार्ता टोली निर्माण गर्ने, विषय केन्द्रित बहसको प्रक्रियाद्वारा सैद्धान्तिक मतभेदलाई टुङ्ग्याउन कोसिस गर्ने र विचार तथा राजनीतिमा आधार भूत एकता पैदा भएको खण्डमा ढिला नगरी साङ्गठनिक एकताको प्रक्रियामा प्रवेश गर्ने भन्ने स्पष्ट प्रस्ताव राख्यो । त्यसलाई नेकपाले पनि अस्वीकार गरेन र दुई पार्टीका नेतृत्वका बीचमा पार्टी एकताको प्रक्रियालाई त्यसरी नै अगाडि बढाउने ठेगान समेत भयो । यो एउटा निकै सकारात्मक उपलब्धि थियो ।

यो सन्दर्भमा पार्टीले महासचिव कमरेड किरणको नेतृत्वमा तीन सदस्यीय केन्द्रीय वार्ता टोली निर्माण गऱ्यो र त्यसरी नै नेकपालाई पनि केन्द्रीय वार्ता टोली निर्माण गरेर छिटै छलफल अगाडि बढाउने व्यवस्था मिलाउन प्रस्ताव राख्यो । तर, उनीहरूले त्यसलाई गंभीरताका साथ लिएनन् । हामीले बारम्बार ताकेता गऱ्यौं, तर उनीहरूले प्राविधिक अपठ्यारो भएको कारण देखाएर लामो समयसम्म विषयलाई पन्छाउने मात्र काम गरे । बरु उल्टो नेकपाका कतिपय जिम्मेवार कमरेडका मुखबाट हाम्रो हिजो एउटै पार्टी त थियो, नमिल्ने कुरा के पो छन् र दुईजना महासचिव बसेर टुङ्ग्याए त भै हाल्छ नि भन्ने जस्ता अत्यन्त बचकाना र असैद्धान्तिक भनाइहरू सुन्नमा आए । यहाँसम्म आइपुग्दा पार्टी एकतालाई केन्द्रमा राखेर नेकपा हाम्रो पार्टीसंग सैद्धान्तिक बहस गर्न तयार छैन भन्ने देखिन थाल्यो ।

यस बीचमा नेकपाको नजिक देखिने केही अनलाइन पत्रिकाहरूमा पार्टी एकताको विषयमा केन्द्रित भएर विभिन्न तहका नेताका लेखहरू प्रकाशित गरिएका छन् । प्रायः ती सबै लेखको सार के देखिन्छ भने नेकपाको नीति र नेतृत्वका बारेमा कुनै बहस हुन सक्दैन र एकता गर्न चाहनेले नीति र नेतृत्वलाई स्वीकार गरेर विनाशर्त पार्टीमा आउनु पर्दछ । स्पष्ट छ यो भनाइ र बुझाइले पार्टी एकतालाई सहयोग गर्दैन । यसका साथै, ती लेखमा उनीहरूले क्रान्तिकारी माओवादीको विचार, राजनीति र कार्यदिशामा केन्द्रित भई मैत्रीपूर्ण र रचनात्मक आलोचना गरेर वैचारिक एकताको आधार निर्माण गर्नुको साटो सो पार्टीका अमूक नेता दक्षिणपन्थी, अमूक नेता चुनावपरस्त, अमूक नेता सुधारवादी र अमूक नेता अकर्मण्यतावादी भनेर जुन व्यक्तिगत लान्छनाको तरीकाले कमरेडहरूको चरित्रहत्या गर्ने काम गरेका छन्, त्यसले पार्टी एकताबारे ती कमरेडहरूको धारणा रचनात्मक होइन, ध्वंशात्मक रहेको कुरा स्पष्ट देखिन्छ । यो एउटा पार्टीको नेताले अर्को मित्र पार्टीको नेताबारे सार्वजनिक ठाउँमा लेख्ने विषय होइन । कुनै लेख तथा रचनाका सन्दर्भमा सम्बन्धित नेताको दृष्टिकोणमाथि आलोचना हुने कुरा स्वाभाविक हुन्छ । तर कसैलाई विना सन्दर्भ जथाभावी लान्छना लगाउने कुरा एकताको पक्षमा हुँदैन र यो कम्युनिस्ट नैतिकता भित्र पनि पर्दैन ।

यसै सन्दर्भमा, कमरेड विप्लवद्वारा लिखित रचनाहरूको सङ्कलन "महापतन" नामक एउटा पुस्तक आजभन्दा केही महिना पहिला बजारमा आएको थियो । त्यसमा समावेश गरिएको 'अन्तर्सङ्घर्ष र दुई-लाइन सङ्घर्षको प्रश्न' शीर्षक अन्तर्गत 'प्रचण्ड र किरणबीचको सङ्घर्ष' उपशीर्षक रहेको एउटा लेख यतिबेला फरक-फरक शीर्षकमा नेकपाका निकटका प्राय सबै अनलाइन पत्रिकामा एकै चोटी प्रकाशन गरिएको छ । यो काकताली मात्र होइन, बरु यो पार्टी एकताको प्रसङ्ग चलेको बेला योजनावद्ध ढङ्गले कमरेड किरणको क्रान्तिकारी छबिलाई धमिल्याउने र उहाँबाट नेपाली कम्युनिस्ट आन्दोलनको नेतृत्व हुनै सक्तैन भनी अविश्वास पैदा गराउने गलत मनसाय राखेर गरिएको योजनावद्ध काम हो भन्ने प्रस्ट देखिन्छ ।

उक्त लेखमा तात्कालीन नेकपा (माओवादी) भित्रको दुई-लाइन सङ्घर्षको सन्दर्भलाई कोट्याएर कमरेड किरणबारेको आफ्नो बुझाइलाई विप्लवले प्रचण्ड, बाबुराम, बादल वा अन्य कसैको हवाला दिएर बाहिर ल्याएका छन् । उनले लेखेका छन् "मान्छेहरू धेरैले किरणलाई प्रचण्डको गुरु भनेर बुझ्छन् ..... तर प्रचण्डले यो कुरा कतै पनि लिखित रूपमा उल्लेख गरेका छैनन्", "किरण एक 'दार्शनिक' क्षमता भएका नेता त हुन् तर क्रान्तिको नेतृत्व हाँक्न सक्ने क्षमता उनीमा छैन भन्ने परेको र पारिएको थियो ...... उनी (किरण-ले.) यसमा कुण्ठित हुन्थे", "किरणले नेतृत्व दिन नसकेपछि प्रचण्ड सङ्घर्षसहित अगाडि आएका हुन्", "' किरणले भनेको मानेको भए जनयुद्ध सुरु नै हुने थिएन' ...... यो विषय बादल, बाबुराम र दिवाकरले पनि भन्ने गर्थे", "पार्टीमा रुढीवाद र जडसूत्रवादबारे बहस गर्नुपर्ने र समस्यालाई हल गर्नु पर्ने भन्ने छलफल सुरु भैसकेको थियो", "बादलले जनयुद्धको तयारीदेखि अहिले पनि जडसूत्रीय संशोधनवाद बाधक बनिरहेको त्यो 'चाणक्य र चन्द्रगुप्त'को भूमिकामा बस्न खोजेको विश्लेषण गरे" आदि ।

यसरी कमरेड विप्लवले प्रचण्ड, बाबुराम, बादल जस्ता गद्दारहरूको बैशाखी टेकेर जसरी कमरेड किरणप्रति विष बमन गरेका छन् त्यसले विप्लव आफैको वैचारिक हैसियतलाई अझ उदाङ्गो पारेको छ । प्रचण्डहरूको सहयोगमा कमरेड किरणलाई बदनाम गरेर आफ्नो वैचारिक तथा राजनैतिक हैसियतको रक्षा गर्नुपर्ने कमरेड विप्लवले मालेमावादको कस्तो विकास गर्ने हुन् ? यो आउने दिनमा अझ प्रष्ट हुँदै जाला । उनले त्यसको अन्तिममा लेखेका छन्, "किरण विचारका दृष्टिले क्रान्तिकारी धारामा बसे पनि कार्यनीतिका दृष्टिले टाउको संसदवादी उपयोगवादको दुलो भित्र घुसारिरहेका छन् । उनले त्यसबाट टाउको निकाल्लान् वा अकर्मण्यताको भुमरीमा अल्झिएर पुच्छरमात्र क्रान्तितिर फर्काइरहलान् ? त्यो कुरा भावी आन्दोलनले प्रस्ट पार्ला ।" यहाँ कमरेड विप्लवले के भन्न खोजेका हुन् कुरा आफैमा स्पष्ट छ ।

उपरोक्त विश्लेषणका आधारमा के कुरा स्पष्ट हुन्छ भने कमरेड विप्लवले पार्टीको नेता एकदम 'चतुर' हुनुपर्दछ भन्ने विषयलाई अतिरञ्जना गरेर विचारको भूमिकालाई पछाडि धकेल्ने काम गरेका छन् । यो सोच पार्टीको नेता भनेको सबै चमत्कारपूर्ण काम एक्लैले गर्नसक्ने हिन्दी सिनेमाको "हिरो" जस्तो हुनु पर्दछ भन्ने सामन्तवादी चिन्तनमा आधारित छ । कम्युनिस्ट पार्टी भनेको सबै क्षमताहरूको केन्द्रीकरण हो र त्यसको नेतृत्व सामुहिक पद्धतिमा चल्छ भन्ने मालेमावादी मान्यतामा उनलाई विश्वास छैन या उनले यसको अर्थ नै बुझेका छैनन् । यसै भएर "नेतृत्व क्षमताका हिसावले" कमरेड विप्लवले प्रचण्डलाई आदर्श गुरु मान्न पुगेका छन् । माथिको उद्धरणले यही कुरा पुष्टि गर्दछ ।

अर्को कुरा हाम्रो पार्टीले गत निर्वाचनमा संसदको क्रान्तिकारी उपयोग गरेको विषयलाई ठूलो सैद्धान्तिक विषय बनाएर कमरेड विप्लवले त्यसको आलोचना गरेका छन् । पहिलो कुरा संसदको उपयोग गर्नु संसदवाद होइन । अर्को कुरा, हाम्रो पार्टीले नेपाली क्रान्तिको कार्यदिशा, कार्यक्रम, रणनीति, कार्यनीति लगायतका यावत विषयमा गहिरो छलफल चलाई पार्टी एकताको वैचारिक आधारलाई मजबुत बनाऔं र विकसित कार्यदिशाका आधारमा पार्टी एकता गरौँ भनेकै छ । हामीले उनीहरूले जस्तो यो विषयमा बहस नै हुन सक्दैन भनेर कहिल्यै भनेका छैनौ । सत्य यस्तो स्पष्ट हुँदा हुँदै पनि कमरेड विप्लवले विचार तथा राजनीतिका सबै विषयमा टेबुल ठोकेर बहस गर्न र उनकै शब्दमा क्रान्तिकारी धारामा बसेका कमरेड किरणको पुच्छर होइन, टाउकोलाई क्रान्तितिर फर्काउने वैचारिक सङ्घर्षमा होमिन किन तयार भएनन् ? त्यसको ठीक उल्टो प्रचण्डले कमरेड किरणलाई खुइल्याएकोमा उनलाई यति धेरै आनन्द किन ? गंभीर भएर सोचौ, किरणलाई खुइल्याउँदैमा क्रान्ति भै हाल्दैन ।

हाम्रो पार्टीले गत राष्ट्रिय सम्मेलनदेखि कमरेड विप्लवले नेतृत्व गरेको नेकपासँग पार्टी एकताका लागि जुन प्रयास गरेको थियो तत्कालका लागि त्यो असफल भएको छ । उहाँहरू पार्टी एकताको विषयलाई लिएर सैद्धान्तिक छलफलमै बस्न तयार हुनु भएन । यसरी विप्लवले नेतृत्व गरेको नेकपासँग अहिलेलाई एकताको संभावना टरेको छ । तर यो सामान्य कुरा हो । क्रान्तिका दौरानमा यस्ता स्थितिहरू बारम्बार आइराख्छन्, क्रान्तिकारीले यसलाई त्यति ठूलो विषय बनाइराख्नु हुँदैन । फेरि एकपटक यो प्रयास असफल हुँदैमा यो विषय यहीँ टुङ्गिने पनि होइन ।

विचार तथा राजनीति सही भए सङ्घर्ष र सङ्गठनको विकास हुन्छ र क्रान्ति अगाडि बढ्छ । हाम्रै इतिहासमा समेत यसको शानदार ढङ्गले पुष्टि भएको छ । सुरुमा गुलेली समेत् पनि साथमा नभएको तात्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को विचार तथा राजनीतिक कार्यदिशा सही भएको र त्यो कार्यदिशालाई इमान्दारीपूर्वक कार्यान्वयनमा लगेकै कारण त्यतिबेला पार्टी विश्व साम्राज्यवादको नाइके अमेरिका र भारतीय विस्तारवादलाई राजनीतिक चुनौती दिने हैसियतमा पुगेको थियो । विचारबाट चिप्लिँदा पछि के भयो सबैलाई थाह छ । मालेमावादलाई दरोसँग पक्रौं र कार्यदिशा कार्यान्वयन गर्न वर्गसङ्घर्षमा अगाडि बढौँ सच्चा क्रान्तिकारीहरू क्रान्तिको पक्षमा ध्रुवीकरण हुने प्रक्रिया अगाडि बढ्छ, त्यसलाई कसैले रोक्न सक्दैन । क्रान्तिको विकास सही विचारले समृद्ध पार्टीको नेतृत्वमा जनताले गर्ने हो, सिद्धान्तहीन भीडले होइन ।









प्रकाशक : वर्गदृष्टि मिडिया प्रा.लि., प्रबन्ध निर्देशक : बद्री बजगाई, सम्पादक : इन्द्रबहादुर राउत, सहसम्पादक : सचिनन्द महर्जन, फोटो: जय दाहाल, कार्यालय : बुद्धनगर, काठमाडौं, सम्पर्क नं. : ०१-४७८५७६३/९८५११२४८३०, इमेल : bargadristi073@gmail.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।